
वैशाख – २

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


| वर्ष २३, अङ्क २ | २०७१, वैशाख १६–३१ | पूर्णाङ्क ५२४ |
|---|---|---|


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

**सम्माननीय प्रधानन्यायाधीश श्री दामोदरप्रसाद शर्मा, सर्वोच्च अदालत - अध्यक्ष**

**रजिस्ट्रार श्री लोहितचन्द्र शाह, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**विक्री शाखामा कार्यरत कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुर सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
मुद्रण अधिकृत श्री राजाराम विडारी
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइण्डर श्री मधुसुदनमान श्रेष्ठ
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर बुकवाइण्डर श्री गोकर्णप्रसाद पौडेल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकवाइण्डर श्री यमनारायण भडेल
बुकवाइण्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकवाइण्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री सीता धिताल
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ३ |
| संयुक्त | ३० |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | ७ |
| इजलास नं. ३ | ९ |
| इजलास नं. ४ | १३ |
| इजलास नं. ५ | १६ |
| इजलास नं. ७ | १ |
| एकल इजलास | १ |
| अन्तरिम आदेश | ५ |
| जम्मा | ९० |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएशन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नु पर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७१, वैशाख – १, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०—०१—३३३—५५

वा

## इमेल ठेगाना

## cjscomplain@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-२** |
| १. | उत्प्रेषण परमादेश | मदनबहादुर खड्कासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण | भरतमणि जङ्गम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **संयुक्त इजलास** | | | **२-११** |
| ३. | उत्प्रेषण परमादेश | डा.छेवाङ नाम्गेल लामा (शेर्पा) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. यमकुमारी कार्की | |
| ५. | परमादेश | अरूणकुमार चौधरीसमेत वि. रिंकु झा | |
| ६. | उत्प्रेषण परमादेश | जीतबहादुर गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ७. | लिखत बदर हक कायम | लेकबहादुर बस्नेत वि. पिमाकुमारी डाँगी | |
| ८. | उत्प्रेषण परमादेश | बालगोविन्द साह वि. पूर्णेश्वरप्रसाद उपाध्याय | |
| ९. | निषेधाज्ञा | हरिकृष्ण साह हलुवाईसमेत वि. जिल्ला अदालत, सिरहासमेत | |
| १०. | निषेधाज्ञा | शिवजी यादव वि. देवकीदेवी यादवसमेत | |
| ११. | नागरिकता प्रमाणपत्र रद्द | शेष नैमुद्दिन वि. नेपाल सरकार | |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कुशे मण्डलसमेत | |
| १३. | उत्प्रेषण परमादेश | मुनेश्वर चौधरी वि. जयराम लामिछानेसमेत | |
| १४. | लुटपीट करकाप | शान्तिराम पोखरेल वि. पूर्णप्रसाद पोखरेल | |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नीरबहादुर दाहाल | |
| १६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गोपाल बस्नेत | |
| १७. | परमादेश | रामचन्द्रप्रसाद यादवसमेत वि. वलरामबहादुर प्रधानाङ्ग | |
| १८. | निषेधाज्ञा परमादेश | लक्ष्मण तामाङ वि. प्रिया श्रेष्ठसमेत | |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजु वि.क. | |
| २०. | कीर्ते जालसाज | बदामीदेवी साह वि. पुहुपलाल साहू तेली | |
| २१. | छुट जग्गा दर्ता | मालपोत कार्यालय, उदयपुर वि. सुकल चौधरी | |
| २२. | उत्प्रेषण परमादेश | रमेश झा वि. उच्च माध्यमिक विद्यालय, आमसाल बसहा-४ उदयपुरसमेत | |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुर लुहार | |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. टाउके अभिनास भन्ने गौरी दिलपाली राई | |
| २५. | उत्प्रेषण परमादेश | उत्तमराज भण्डारी वि. सूर्यकुमारी श्रेष्ठसमेत | |
| २६. | कुटपीटबाट गर्भपतन | नेपाल सरकार वि. कलावती चौधरीसमेत | |
| २७. | उत्प्रेषण | सहयोगी उच्च माध्यमिक विद्यालय वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |

| | | |
|---|---|---|
| | इजलास नं. १ | ११-१४ |
| २८. | प्रतिषेध परमादेश उत्प्रेषण | विश्वेन्द्र पासवान वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २९. | जीउ मास्ने बेच्ने | नेपाल सरकार वि. राजु बस्नेत |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वीरबहादुर ऐर |
| ३१. | उत्प्रेषण परमादेश | टेकबहादुर भण्डारी वि. वन तथा भू-संरक्षण मन्त्रालयसमेत |
| ३२. | रैकर लगत कट्टा | सुशीला श्रेष्ठ वि. गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौंसमेत |
| | इजलास नं. २ | १४-१७ |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शेरबहादुर बस्नेत |
| ३४. | बन्दी प्रत्यक्षीकरण | देवराज केसीको हकमा शिव कार्की वि. जिल्ला वन कार्यालय, सुनसरीसमेत |
| ३५. | निषेधाज्ञा, परमादेश | रेणु बुढाथोकी राना वि. प्रहरी प्रधान कार्यालय, काठमाडौंसमेत |
| ३६. | सवारी ज्यान | नेपाल सरकार वि. गीतबहादुर पुन |
| ३७. | निषेधाज्ञा परमादेश | अजमत मन्सारी वि. जिल्ला महोत्तरी, धमौरा गाउँ विकास समितिको कार्यालय, धमौरासमेत |
| ३८. | छूट जग्गा दर्ता | मालपोत कार्यालय, उदयपुर वि. ढोढाई चौधरी |
| ३९. | परमादेश | राजु शैयद महम्मदसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| | इजलास नं. ३ | १७-२१ |
| ४०. | कर्तव्य ज्यान | राजन भन्ने पदम सेढाई वि. नेपाल सरकार |
| ४१. | बाँकी रकम दिलाई भराईपाऊँ | भाजुरत्न इञ्जिनीयरिङ एण्ड सेल्स लिमिटेड वि. गोविन्दप्रसाद श्रेष्ठ |
| ४२. | लेनदेन | देवनारायण साह वि. कालीप्रसाद साह |
| ४३. | निषेधाज्ञा | पुष्कर जोशी वि. का.म.न.पा. वडा नं.३२ कालिकास्थान स्थित स्टेन्डर्ड पाब्लिशर एन्ड डिस्ट्रिब्युटर प्रा.लि. |
| ४४. | निषेधाज्ञा | राजकुमार साह तेली वि. शोभाकुमारी यादवसमेत |
| ४५. | निषेधाज्ञा | सूर्यकलाकुमारी देवीसमेत वि. रामरतिदेवीसमेत |
| ४६. | मानव बेचबिखन ओसारपसार | अमर लामा तामाङ वि. नेपाल सरकार |
| ४७. | अंश छुट्याई पाऊँ | काशीप्रसाद कर्माचार्य वि. नारायणप्रसाद कर्माचार्यसमेत |
| | इजलास नं. ४ | २१-२५ |
| ४८. | निषेधाज्ञा | धर्मेन्द्रप्रसाद यादवसमेत वि. सर्युग साह कानू |
| ४९. | सरकारी हातहतियार खरखजाना बेचबिखन | महेन्द्रविक्रम शाहसमेत वि. नेपाल सरकार |
| ५०. | मोहियानी | उमाकान्त सापकोटा वि. मालपोत कार्यालय, बाग्लुङ |
| ५१. | उत्प्रेषण परमादेश | डा.भुपेन्द्रप्रसाद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ५२. | उत्प्रेषण परमादेश | जीवनराज कँडेलसमेत वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत |
| ५३. | उत्प्रेषण परमादेश | पूर्णप्रसाद पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |

| | | | |
|---|---|---|---|
| ५४. | उत्प्रेषण परमादेश | गणेशबहादुर सिंह वि. मन्त्रिपरिष्दको सचिवालयसमेत | |
| ५५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. खड्गबहादुर बुढाथोकी | |
| ५६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विक्रम भन्ने विष्णु खत्री | |
| ५७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कृष्णखर शर्मा | |
| ५८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. इन्द्रलाल सरदार | |
| | | **इजलास नं. ५** | **२५-२९** |
| ५९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सन्तोषकुमार महतो सुडीसमेत | |
| ६०. | उत्प्रेषण | रामसेवक राय वि. जिल्ला विकास समितिको कार्यालय, सर्लाहीसमेत | |
| ६१. | उत्प्रेषण | निरबहादुर के.सी. वि. मालपोत कार्यालय, सर्लाहीसमेत | |
| ६२. | उत्प्रेषण | दिनेश चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ६३. | उत्प्रेषण | चिरञ्जीवी अधिकारी वि. राजस्व अनुसन्धान विभागसमेत | |
| ६४. | निषेधाज्ञा परमादेश | जि.वि.स.को कार्यालय, राजविराज, सप्तरीसमेत वि. ललितनारायण झा | |
| ६५. | निषेधाज्ञा | बिमला मानन्धर वि. कमला अधिकारीसमेत | |
| ६६. | उत्प्रेषण परमादेश | जनार्दनप्रसाद शर्मा पाण्डे वि. मालपोत कार्यालय, नुवाकोटसमेत | |
| ६७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दुर्गा भन्ने दुर्गाप्रसाद मास्वा लिम्बूसमेत | |
| ६८. | निषेधाज्ञा परमादेश | रामबाबु मण्डल वि. दुर्गाकुमारी साह | |
| ६९. | निषेधाज्ञा | अर्जुन सिंह सिजापति वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत | |
| ७०. | उत्प्रेषणयुक्त परमादेश | श्रीमान् बस्नेतसमेत वि. हरिहर ढकाल | |
| ७१. | बन्दी प्रत्यक्षीकरण | बिर्खबहादुर श्रेष्ठ र प्रताप तामाङको हकमा सोमबहादुर श्रेष्ठ वि. राष्ट्रिय निकुञ्ज विभागको कार्यालय, बबरमहलसमेत | |
| | | **इजलास नं. ७** | **२९** |
| ७२. | उत्प्रेषण | देवीलाल पटेरी वि. मध्यक्षेत्र प्रहरी कार्यालय, मकवानपुरसमेत | |
| | | **एकल इजलास** | **२९** |
| ७३. | उत्प्रेषण | अरूण मेडिकल सेन्टर प्रा.लि. का.म.न.पा. वडा नं.२९ सामाखुशी काठमाडौंसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| | | **अन्तरिम आदेश** | **२९-३१** |
| ७४. | उत्प्रेषण | देवीप्रसाद बराल वि. खाद्य संस्थान केन्द्रीय कार्यालय, भद्रकाली काठमाडौंसमेत | |
| ७५. | उत्प्रेषण | कृष्णप्रसाद खड्गीसमेत वि. पुनरावेदन अदालत, हेटौंडासमेत | |
| ७६. | उत्प्रेषण परमादेश | रोहितराज साहसमेत वि. त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद् कीर्तिपुरसमेत | |
| ७७. | उत्प्रेषण परमादेश | खिमबहादुर वि.क.समेत वि. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत | |
| ७८. | उत्प्रेषण | शान्ति प्रधान वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत | |
| | | **अदालत गतिविधि** | **३२-३६** |

## सर्वोच्च अदालतका नियमित प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसंक्षेप संकलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

| | |
|---|---|
| भाग १ : | संवैधानिक कानून |
| भाग २ : | सार्वजनिक सरोकार |
| भाग ३ : | मानव अधिकार तथा लैङ्गिक न्याय |
| भाग ४ : | देवानी कानूनः सम्पत्ति |
| भाग ५ : | देवानी कानूनः पारिवारिक |
| भाग ६ : | फौजदारी कानूनः सरकार वादी |
| भाग ७ : | फौजदारी कानूनः दुनिया वादी |
| भाग ८ : | कार्यविधि कानूनः देवानी |
| भाग ९ : | कार्यविधि कानूनः फौजदारी |
| भाग १० : | उद्योग, वाणिज्य र कर |
| भाग ११ : | राष्ट्रसेवक कर्मचारी |

- न्यायपालिकाको दोस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)
    - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
    - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
    - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
    - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
    - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)
- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फूलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री वैद्यनाथ उपाध्याय, मा.न्या श्री तर्कराज भट्ट र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WS-००११, उत्प्रेषण परमादेश, *मदनबहादुर खड्कासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रहरी नियमावली, २०४९ को नियम ९८(१) को अवकाशसम्बन्धी व्यवस्थामा कुनै वैज्ञानिक आधारबिना पटकपटक संशोधन गर्नाले प्रहरी सेवामा वाञ्छित हदसम्म सेवा अवधिको सुनिश्चितता जस्तो हुनुपर्थ्यो त्यस्तो नभई आफ्नोअनुकूल व्यवस्था गर्ने गराउने वा त्यस्तो अवकाशसम्बन्धी व्यवस्थाले नियम संशोधनमार्फत् आफ्नो अनुकूल संशोधन वा परिर्वतन गराउने चेष्टाहरू निरन्तर हुने प्रवृत्ति देखा परेको र सो निरन्तर रहनसक्ने सम्भावनासमेत रहेको देखिन्छ । यस्तो खालको प्रवृत्तिको रोकथाम गरी अवकाशसम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न टड्कारो आवश्यक रहेको देखिने ।

प्रहरी ऐन, २०१२ जुन परिवेशमा आएको थियो, सो सन्दर्भमा र परिवेशमा हाल व्यापक परिर्वतन भई वर्तमानमा भएको परिवर्तनको नयाँ आलोकमा प्रहरी कर्मचारीहरूको सेवा शर्तका व्यवस्थाहरू हेर्न जरूरी देखिन्छ । आधुनिक समयका हरेक सेवा वा संगठनमा पारदर्शिता एवं निष्पक्षतामा जोड दिइएको शासकीय शैली विकसित भई रहेकोमा इच्छानुसारको अवधिसम्म सेवामा बहाल राख्ने गरी अनिश्चितता बढाउने खालका व्यवस्थालाई निरन्तर गर्नुको औचित्य नदेखिने ।

नियमावलीमार्फत् गरिएका व्यवस्थालाई पटकपटक संशोधन वा संशोधन प्रयास अनि मुद्दा मामिलाले पनि चित्त बुझाउन सकेको देखिँदैन । यस्तो स्थितिको अन्त्यका लागि प्रहरी सेवाको सारभूत विषयअन्तर्गत पर्ने नियुक्ति योग्यता, निवृत्तिभरण, अवकाशसम्बन्धी व्यवस्था आदि कुराहरू नियमावलीको व्यवस्थाअन्तर्गत नराखी ऐनकै व्यवस्थाअन्तर्गत राखिएमा कानूनमा स्पष्टता र निश्चितता रहने भै कार्यान्वयनमा प्रभावकारिता रहनसक्ने अपेक्षा गर्न सकिन्छ । यसका लागि प्रहरी ऐनमा नै विधायिकी हिसाबले पुनरालोकन गरी उपरोक्त सबै कुराहरूको सम्बोधन गर्ने व्यवस्था गर्न जरूरी देखिँदा प्रहरी नियमावली, २०४९ को नियम ९८(१) को सन्दर्भमा हेर्दा यस अदालतको पटकपटकको निर्णयसमेतको पृष्ठभूमिमा उक्त व्यवस्थामा निश्चितता प्रदान गर्न र नियम संशोधनका प्रक्रियाबाट थप अनिश्चितता नबढोस् भन्नका लागि अवकाशको लागि सेवा अवधि तोक्दा वा उमेर हदको कारणले सेवाबाट अवकाश लिने व्यवस्था गर्दासमेत नियमावली संशोधनको बाटो नअपनाई प्रहरी ऐनमा नै जो चाहिने आवश्यक व्यवस्था गर्ने गरी मिलाउनु भनी विपक्षी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटर : रानु पौडेल
इति संवत् २०७० साल चैत २० गते रोज ५ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WS-०००१, उत्प्रेषण, *भरतमणि जङ्गम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

विधायिकी अधिकारप्राप्त कार्यपालिकाले आफ्नो नीतिगत विषयका कुराहरूलाई लागू गर्ने प्रयोजनका लागि कुनै अध्यादेश जारी गर्दा तत्काल सो अध्यादेशको आवश्यकता थियो वा थिएन भन्ने कुरा न्यायिक पुनरालोकनको विषय बन्न सक्तैन । यसरी जारी हुने अध्यादेशले ऐन सरहको मान्यता पाउने हुँदा संविधानमा लेखिएको कुराको

प्रतिकूल भए नभए सम्बन्धमा सो अध्यादेशको यस अदालतबाट न्यायिक पुनरालोकन हुनसक्ने भए पनि कुनै अमूक अध्यादेश जारी गर्नुपर्ने अवस्था थियो वा थिएन भन्ने विषय विशुद्ध कार्यपालिकीय क्षेत्राधिकारको विषय हुने ।

पूर्व पदाधिकारीलाई सुविधा प्रदान गर्दा ठूलो धनराशीको व्ययभार राज्यलाई पर्ने भन्ने प्रश्न पनि उठाउनु भएको छ । राज्यले यस्तो खर्च कतिसम्म गर्न सक्ने, के कस्ता सुविधा क–कसलाई दिन सक्ने यो सरकारले अध्ययन गरी औचित्यको आधारमा तय गर्ने कुरा हो । यस्तो कार्यतालिकाको निर्धारण गर्ने नीतिगत प्रश्नमा सरकारले आमजनताको जीवनस्तर, राज्यको आम्दानीको स्रोत, मुलुकको समग्र आर्थिक स्थिति र सरकारद्वारा निर्धारित खर्चको प्राथमिकताका आधारमा तय गर्ने विषयमा अदालतले संविधान तथा कानूनको ठाडो उल्लङ्घन भएकै प्रश्नमा बाहेक सामान्यतया हस्तक्षेप गर्न नमिल्ने ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका पदाधिकारीहरूको राज्य सञ्चालनको काममा अलगअलग भूमिका र जिम्मेवारी रहने सिद्धान्तसमेतलाई दृष्टिगत गर्दा साल विशेषलाई मात्र आधार बनाई पहिले सेवानिवृत्त भएका सबै पदाधिकारीहरूलाई एउटै मापदण्ड कायम गर्दा अन्तरिम संविधान, २०६३ को धारा १३ को मर्म र भावनासमेतको विपरीत हुने हुँदा उक्त धारा १३ को संवैधानिक व्यवस्था, यस अदालतको मिति २०६८।८।२२को निर्देशनात्मक आदेश र मिति २०६६।८।२८ को आदेशसमेतलाई दृष्टिगत गरी यस सम्बन्धमा जो जे गर्नुपर्छ उपयुक्त व्यवस्था गर्नु भनी विपक्षी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल फागुन २२ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६८-WS-००७१, उत्प्रेषण, *अधिवक्ता चन्द्रलाल श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-WO-०४२२, उत्प्रेषण परमादेश, *डा. छेवाङ नाम्गेल लामा (शेर्पा) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक मनोनयन भएको सदस्य सचिव पदावधि मिति २०७०।१।२ सम्म रहनेमा सो अवधि पूरा भैकसकेको छ। साथै निवेदकसमेतका व्यक्तिहरूउपरको उजूरीबमोजिमको अनुसन्धान कारवाही तामेलीमा राखिएको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।९।२ को पत्रबाट देखिन आउँछ । तसर्थ, निवेदकको पदावधि समाप्त भै रिट निवेदनसमेत माग निष्प्रयोजन भएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल माघ ५ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६८-WO-०४२३, उत्प्रेषण, *रत्नबहादुर गाहा मगर वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६८-WO-०४२५, उत्प्रेषण, *दाताराम खनाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०६८-WO-०४६२, उत्प्रेषण परमादेश, *डा. चन्द्रमणि अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

- ०६८-WO-०८४९, उत्प्रेषण परमादेश, *दाताराम खनालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-RC-००५३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. यमकुमारी कार्की*

लासको विवरणमा उल्लेख भएको व्यहोरा, शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको मृत्युको कारणको व्यहोरा, प्रतिवादीले मौकामा गरेको साबिती बयान कागज र अदालतमा गरेको साबिती बयान, मौकामा बुझिएका व्यक्तिहरू र घटना विवरणका मानिसहरूको व्यहोरासमेतबाट प्रतिवादी यमकुमारी कार्कीले जानीजानी मृतक नवजात शिशु भीमबहादुर कार्कीको घाँटी थिचेर कर्तव्य गरी मारेको देखिन्छ । प्रतिवादीले मृतक भीमबहादुर कार्कीलाई हातले घाँटी थिचेर कर्तव्य गरी मारेको पुष्टि भएको हुनाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूर अपराधमा सर्वस्वसहित जन्मकैदको सजाय गरेको शुरू सिन्धुली जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत, जनकपुरबाट गरेको इन्साफ मनासिब भै साधक जाहेरी फैसला सदर हुने ।

प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुनका लागि राय लगाई साधक पेश हुन आएको देखिँदा तत्सम्बन्धमा विचार गर्दा प्रतिवादी जेठी श्रीमती हुँदाहुँदै अर्को विवाह गरेको घरमा हेलाहोचो गरेको र घर परिवारबाट प्रतिवादीउपर फजुल आरोप लगाउने गरेको कारणले प्रतिवादी मानसिक तनावमा रहेको पृष्ठभूमिमा यो घटना घटित भएको देखिन्छ । प्रतिवादी स्वयंबाट कारागारमा जन्म लिएको सन्तानको शिक्षा र हेरचाहको कुरालाई पनि यथोचित ध्यानमा राख्दा उपरोक्त अवस्थामा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल फागुन २३ गते रोज ६ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-०४७३, परमादेश, *अरूणकुमार चौधरीसमेत वि. रिंकु झा*

विज्ञापनअनुसार लिइएको लिखित तथा मौखिक परीक्षामा यी निवेदक उत्तीर्ण भई मिति २०६७।३।३२ मा नियुक्ति दिइएको र मिति २०६७।४।८ मा श्री प्रा.वि. पदमपुरबाट श्री नि.मा.वि. सिंगराही मटिअर्वामा सरूवा गरिएको देखिन्छ । यी निवेदिका प्रा.वि. तहको राहत शिक्षक पदमा नियुक्ति प्राप्त शिक्षिका भएको र निजले नियमितरूपमा विद्यालयमा हाजिर भई अध्यापन गर्दै आएको अवधिको तलब भत्ता निवेदकले प्राप्त नगरेको भन्ने कुरामा समेत विपक्षीले स्वीकार नै गरेका छन् । यसरी विधिसम्मत्‌रूपमा नियुक्ति गरिएकी शिक्षिकालाई अध्यापनको कामकाज गर्न लगाइएता पनि निजले पाउने पारिश्रमिक उपलब्ध गराइएको नदेखिने ।

निवेदिकाले शिक्षक पदमा नियुक्ति पाएको मितिबाट निज सो पदमा बहाल रहेसम्म कानूनबमोजिम तलब भत्ता उपलब्ध गराउनुपर्ने कानूनी दायित्व सम्बन्धित निकायको हो । तर, विद्यालयमा हाजिर भई कार्यरत् रहेको अवधिको तलब भत्ता निवेदिकाले पाउनेमा तलब भत्ता उपलब्ध नगराएको विपक्षीहरूको त्यस्तो कार्यलाई कानूनसम्मतको कार्य भन्न नमिल्ने हुँदा निवेदिकाले नियमानुसार पाउने तलब भत्ता निजलाई भुक्तानी दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६९-CI-०४७४,

निषेधाज्ञा, *जिल्ला सिरहास्थित श्री निम्न माध्यमिक विद्यालय, सिंगराही मटिअर्वासमेत वि. रिंकु झा* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-०५८६, उत्प्रेषण परमादेश, *जीतबहादुर गुरूङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

नेपाल सरकार मन्त्रिस्तरको मिति २०६८।१।२७ को निर्णयानुसार दुई वर्षका लागि पोखरा उपत्यकामा नगर विकास समितिको अध्यक्ष पदमा यी निवेदकलाई नियुक्ति गरेकोमा उक्त पदावधि भुक्तान नहुँदै नेपाल सरकार मन्त्रिस्तरको २०६८।९।७ को निर्णयानुसार यी निवेदकलाई अवकाश दिई उक्त पदमा शिवप्रसाद आचार्यलाई नियुक्ति गरिएकोमा उक्त निर्णय कार्यान्वयन गर्न रोकी पाउन यी निवेदकले अन्तरिम आदेशसमेत माग गरी निवेदन गरेकोमा रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त मिति २०६८।९।७ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४(१) बमोजिमको अन्तरिम आदेश जारी भई निवेदक उक्त पदमा बहाल रही कार्य गरी आएकोमा नियुक्ति मिति २०६८।१।२७ बाट दुई वर्षको कार्यकाल भुक्तान भई प्रस्तुत रिट निवेदनको औचित्य नै नरहेबाट रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-०७९५, सट्टापट्टाको लिखत बदर हक कायम, *लेकबहादुर बस्नेत वि. पिमाकुमारी डाँगी*

घरका मुख्य मालिकले आफैंले गरेको सट्टापट्टामा केही कारणले चित्त नबुझेमा सट्टापट्टा गर्ने दुई पक्षको सहमतिमा फिर्तासम्म लिनदिन सकिने हो । आफैंले गरेको सट्टापट्टामा आफैंले नालिस गर्न अ.बं.३६ नं. ले वादीलाई सुविधा दिएको छैन । घरका मुख्य मालिकलाई राजी नगराई घरका अरू सदस्यले गरेको व्यवहारमा मात्र यस्तो सुविधा प्राप्त हुनसक्ने देखिँदा आफैंले सट्टापट्टाको लिखत गरी आफैंले उक्त लिखत बदरको लागि नालिस गर्नको लागि हकदैया प्राप्त हुन नसक्ने ।

दावीबमोजिम लिखत बदर हुने ठहर गरेको दाङ देउखुरी जिल्ला अदालतको मिति २०६८।७।२९ को फैसला हकदैयाको अभावमा उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।३।२७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । तर, हकदैयाको अभावमा दायर गरेको फिराद दावी खारेज गर्नुपर्नेमा सोतर्फ केही नबोली शुरूको इन्साफ उल्टीमात्र गरेको देखिए पनि त्यसले इन्साफमा तात्त्विक असर नपर्ने हुँदा त्यसतर्फ केही बोलिरहन नपरी फिराद दावी अ.बं. १८० नं. बमोजिम खारेज भई पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।३।२७ को फैसला सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-११५०, उत्प्रेषण परमादेश, *बालगोविन्द साह वि. पूर्णेश्वरप्रसाद उपाध्यायसमेत*

निवेदक हाल बहाल रहेको सहलेखापाल पदमा नियुक्ति मिति २०६३।३।८ देखि २०६७।१०।२८ सम्मको ज्येष्ठता, भौगोलिक क्षेत्रको अङ्क, शैक्षिक योग्यता, कार्यसम्पादन मूल्याङ्कनलगायतका अङ्क बढुवामा गणना गरिएको र हाल बहाल रहेको श्रेणीभन्दा तल्लो श्रेणीको पदमा काम गरेको अवधिको अङ्क प्राप्त गर्न सक्ने

कानूनी व्यवस्था नभएबाट जुन पदमा वहाल छ सोही पदमा प्राप्त गरेको अङ्कको आधारमा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने खडानन्द घिमिरेलाई लेखापाल पदमा बढुवा गर्ने गरी बढुवा समितिबाट मिति २०६८।३।९ मा भएको निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालतका रजिस्ट्रारबाट मिति २०६८।८।२ मा भएको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

७

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-००५३, निषेधाज्ञा, *हरिकृष्ण साह हलुवाईसमेत वि. जिल्ला अदालत, सिरहासमेत*

निवेदकले दावी गरेको जग्गा गाउँ ब्लकभित्रको भन्ने कुरा रेकर्डबाट नदेखिएकोले स्वामित्व किटान गर्न नसकिने भन्ने व्यहोरा गाउँ विकास समितिको कार्यालय, सिरहाको मिति २०५१।२।८ को पत्रमा उल्लेख छ । प्रमाणस्वरूप पेश गरेको उक्त पत्रबाट नै विवादित जग्गा निवेदकहरूको भोगमा रहेको नदेखिएबाट कारवाही अगाडि बढाउनुपर्ने औचित्य नभएकोले निवेदकको निर्विवाद हकदैया नदेखिएको अवस्थामा विपक्षीहरूको नाममा कारण देखाउ आदेशसमेत जारी नगरी निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६८-CI-०१३७, निषेधाज्ञा, *शिवजी यादव वि. देवकीदेवी यादवसमेत*

विवादित जग्गा अमानती कूतमा जोतभोग गरेको भनी निवेदकले दावी लिए तापनि बाजे गुलट र निजको मृत्युपछि आफ्ना पति मुक्ति यादवले मोहीमा कमाई आएको र निजको मृत्यु भएकोले आफ्नो नाउँमा मोही नामसारी हुनुपर्ने भनी देवकीदेवीले मोहीमा विवाद जनाई भूमिसुधार कार्यालय, सप्तरीमा मोही मुद्दा विचाराधीन अवस्थामा रहेको देखिने हुँदा मोहीका विषयमा भूमिसुधार कार्यालयमा विचाराधीन रहेको मुद्दाबाट ठहरेबमोजिम हुने नै भएबाट प्रस्तुत निषेधाज्ञाको निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।११।८ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ ।निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल असार ११ गते रोज ३ शुभम् ।

९

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CR-०३६८, नागरिकता प्रमाणपत्र रद्द गरी नेपाली नागरिकताबाट हटाउने, *शेष नैमुद्दिन वि. नेपाल सरकार*

पुनरावेदक शेष नैमुद्दिन नेपाली वंशज नागरिक नभै भारतीय नागरिक हो भने सो दावी पुष्टि गर्नको लागि पर्याप्त आधार प्रमाण हुनुपर्दछ । जिल्ला प्रशासन कार्यालय, पर्साबाट कानूनबमोजिम खडा गरिएका नागरिकताको लगतसम्बन्धी अभिलेखहरू र पुनरावेदकले नागरिकता प्रमाणपत्र प्राप्त गरेको सम्बन्धमा गृह मन्त्रालयको पत्रबमोजिम जाँचबुझ गर्ने क्रममा तयार गरिएको सर्जमीन मुचुल्कालगायतका लिखतहरूबाट पुनरावेदक प्रतिवादी ३ पुस्तादेखि वीरगंज न.पा.वडा नं २ मा स्थायी बसोबास गरिएको भन्ने देखिने ।

पुनरावेदकले झूठ्ठा विवरण पेश गरी नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेको भन्ने ठहर गरी तत्कालीन गृहमन्त्रीले पुनरावेदकले

प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकताबाट हटाउने गरी मिति २०५९।७।५ मा निर्णय गरेको पाइन्छ । तत्कालीन नेपाली नागरिकता ऐन, २०२० को दफा (३क) मा "झूट्टो विवरण वा बयान दिई जन्म वा वंशजको नाताले नेपाली नागरिक हो भनी झुक्याई कसैले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा थाहा हुन आएमा श्री ५ को सरकारले त्यस्तो प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकताबाट हटाउन आदेश दिन सक्नेछ भन्ने उल्लेख छ" यस ऐनको उपरोक्त व्यवस्थाले कसैले प्राप्त गरिसकेको नेपाली नागरिकताबाट हटाउन आदेश गर्ने अधिकार तत्कालीन श्री ५ को सरकारमा निहित रहेको भए पनि सो हटाउनसक्ने कार्यको अख्तियारी प्रयोग गर्ने अख्तियारवाला श्री ५ को सरकारले फरेबद्वारा वा झूट्टा बयान वा विवरण दिई नागरिकता प्राप्त गरेको हो भन्ने कसूरजन्य तथ्यको पुष्टि गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र लिँदा पुनरावेदकले फरेबक गरी वा झुट्टा वयान वा विवरण दिएको हो भन्ने कुराको पुष्टि हुन नसकी रहेको यस अवस्थामा निजलाई नागरिकताबाट हटाउने निर्णयलाई यथोचित मान्न नमिल्ने ।

पुनरावेदक प्रतिवादीले प्राप्त गरेको वंशजको नेपाली नागरिकताको प्रमाणपत्र जिल्ला प्रशासन कार्यालय, पर्साबाट रीतपूर्वक अभिलेख तयार गरिदिएको स्थलगत सर्जमीन हुँदा नेपालको स्थायी बासिन्दा भन्ने उल्लेख भएको देखिएको अवस्थामा निजलाई नागरिकताबाट हटाउने गरी भएको फैसला त्रुटिपूर्ण देखिँदा तत्कालीन गृहमन्त्रीले गरेको निर्णय सदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।५।१८ मा गरेको फैसला उल्टी हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल माघ ७ गते रोज ३ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०६६-CR-०७२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कुशे मण्डलसमेत*

प्रतिवादी कुशे मण्डलले बुहारीकै क्रियाकलापको कारणले रिसको झोकमा आफैंले मात्र खाली हातले कुटपीट गर्दा बुहारीको मृत्यु हुन पुगेको भनी साबित भएको देखिन्छ । प्रतिवादी कुशे मण्डलले फेकनी देवीको ज्यान मार्नाको लागि हातहतियार लिई छोराहरूसमेत भई पूर्वतयारी गरेको पनि नदेखिएकोले आवेशप्रेरित हत्यामा ज्यानसम्बन्धीको महलको १४ नं बमोजिम सजाय गरेको मनासिबै देखिने ।

प्रतिवादीहरू रामदिनेश मण्डल रामवरण मण्डलको मौकाको बयान कागज र अदालतसमक्षको बयानमा कसूरमा इन्कार छन् । बाबु कुशे मण्डलले यी प्रतिवादीहरूलाई पोल गरेको छैन । बुझिएका व्यक्तिहरू, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरू कोही पनि प्रत्यक्षदर्शी छैनन् र निजहरूले अरूबाट घटनाबारे सुनेको भनी उल्लेख गरेका छन् । निजहरूको ज्यान मार्ने षड्यन्त्रमा संलग्नता रहेको भन्ने स्पष्ट आधार प्रमाण देखिँदैन । प्रतिवादी कुशे मण्डलले ज्यान मारेपश्चात्मात्र यिनीहरूले घटनाबारे थाहा पाएको देखिन्छ । यस अवस्थामा अनुमानका भरमा निज प्रतिवादीहरू रामदिनेश मण्डल र रामवरण मण्डलले पनि मृतकलाई मार्नका लागि बाबु कुशे मण्डललाई मद्दत गरे होलान् भनी ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सजाय गर्न मिल्दैन । यसकारण यी प्रतिवादीहरू रामवरण मण्डल र रामदिनेश मण्डल तथा ज्यान मरेको थाहा पाई जाहेर नगर्ने प्रतिवादीहरू कारी मण्डल, श्रीकिशुन महतो, विरेन्द्र मण्डल, रामचन्द्र मण्डल, जतन ठाकुर, ललित साह तथा झगरू चौधरीलाई ज्यानसम्बन्धी महलको २५ नं. बमोजिम जनही रू. २०।- जरीवाना हुने ठहर्‍याएको शुरूको इन्साफ मनासिबै देखिँदा

प्रतिवादी कुशे मण्डललाई ज्यानसम्बन्धीको महलको १४ नं. अनुसार १० वर्ष कैद सजाय गरी अन्य प्रतिवादीलाई रू २०।- जरीवाना हुने शुरू धनुषा जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।६।२१ को इन्साफ मिलेकै देखिँदा सदर हुने ।

कम्प्युटर : अमिररत्न महर्जन

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

इति संवत् २०७० साल माघ ७ गते रोज ३ शुभम् ।

११

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०६९-WO-०२४८, उत्प्रेषण परमादेश, *मुनेश्वर चौधरी वि. जयराम लामिछानेसमेत*

निवेदकले अन्तरिम आदेशसमेत माग गरी निवेदन गरेकोमा रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म वा रिट निवेदकको निर्वाचन कार्यकाल (जुन छिटो हुन्छ) सम्म नेपाल निर्माण व्यवसायी महासंघको मिति २०६९।५।१४ को पत्र कार्यान्वयन नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा मिति २०६९।५।३१ अन्तरिम आदेश जारी भई निवेदक उक्त पदमा बहाल रही हालसम्म कार्य गरी आएकोमा निर्वाचित मिति २०६८।५।३ बाट दुई वर्षको कार्यकाल भुक्तान भई प्रस्तुत रिट निवेदनको औचित्य नै नरहेबाट प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७० साल भदौ १० गते रोज २ शुभम् ।

१२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०६९-CR-०७४७, लुटपीट करकाप, *शान्तिराम पोखरेल वि. पूर्णप्रसाद पोखरेल*

लूटपीट र कुटपीटको जरियाबाट उठेको करकापको विषयमा एउटै फिरादबाट दावी लिएकोमा करकापसँग कागज भएको हो होइन सो सम्बन्धमा बुझ्नुपर्ने प्रमाण बुझी निर्णय गर्नुपर्नेमा सो प्रक्रिया पूरा नगरिएको एवं कि.नं. ६६७ को जग्गामा वादीको हकाधिकार रहेको स्वीकार गरेको अवस्थामा उक्त जग्गाको रूख लुटपीट भएको हो होइन भन्ने विषयमा प्रवेश नै नगरी फिराद दावी खारेज गरेको शुरू संखुवासभा जिल्ला अदालतको फैसला बदर गरी पुनः निर्णयको लागि शुरूमा पठाउने ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला अन्यथा नदेखिने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः सविना अधिकारी

इति संवत् २०७० साल भदौ ११ गते रोज ३ शुभम् ।

१३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६९ सालको साधक नं. ०६९-RC-००३७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नीरबहादुर दाहाल*

मृतक र यी प्रतिवादीबीच विगतमा समयसमयमा झगडा हुने र वारदातको दिनमा पनि झगडा भई प्रतिवादीले लखेट्दै गई निर्मम तरिकाले कुटपीट गर्लान् भन्ने डरले मृतक घरबाट भागेकी अवस्था र प्रतिवादीले कुटपीट गरेको सो बखत यसलाई मारी यसको लास पोष्टमार्टम गर्न पठाउँछु भनी भनेकोले प्रतिवादीले मृतकलाई मार्ने मनसायसमेत व्यक्त गरेको देखिन्छ । मृतकउपर गम्भीर कुटपीट भएको कारण प्रत्यक्षदर्शीहरूले हस्तक्षेप गरी छुट्याएको अवस्था छ । प्रत्यक्षदर्शीहरूको भनाइमा पनि मृतक मर्नसक्ने गरी कुटपीट भएको अवस्था छ । दिउँसो कुटपीट गरी अशक्त अवस्था भएकी तिलमायालाई यी प्रतिवादीले बेलुकी पनि गई कुटपीट गरेको र सोही कुटपीटबाट तिलमायाको मृत्यु हुन गएको देखिँदा किटानी जाहेरी दरखास्त, अनुसन्धान अधिकारीसमक्ष र

अदालतमा समेत प्रतिवादी आरोपित कसूरमा साबित रहेको अवस्था, मौकाको कागज र शव परीक्षण प्रतिवेदनलगायतका प्रमाणबाट तिलमाया दाहालको मृत्यु प्रतिवादी निरबहादुर दाहालको कर्तव्यबाट भएको देखिँदा प्रतिवादी निरबहादुर दाहाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटर : सबिना अधिकारी

इति संवत् २०७० साल असार २ गते रोज १ शुभम् ।

१४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६९ सालको साधक नं. ०६९-RC-००५६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोपाल बस्नेत*

प्रतिवादीले अदालतमा बयान गर्दासमेत अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान व्यहोरा आफ्नो हो भनी मृतक लक्ष्मीमाया बस्नेतलाई घटनास्थलमा डोरीले घाँटीमा पासो लगाई रूखमा झुन्ड्याई मारेको हुँ । निजलाई मार्ने कार्यमा म बाहेक अरू कसैको संलग्नता छैन, अपराध गरेको हुँदा सजाय होस् भन्ने व्यहोरा लेखाई दिएका छन् । शव परीक्षण प्रतिवेदन, वस्तुस्थिति मुचुल्कामा कागज गर्ने नारायणप्रसाद ढकाल, तुलसीकुमार सुवेदी तथा मौकामा कागज गर्ने इश्वरीप्रसाद दुलाल, सरस्वता बस्नेत, झलकबहादुर बस्नेतसमेतले शुरू अदालतसमक्ष उपस्थित भई गरेको बकसपत्रबाट प्रतिवादीको साबिती बयानलाई थप पुष्टि गरेको छ । यसबाट लक्ष्मिमायाको मृत्यु कर्तव्यबाट भएको तथ्य स्थापित भएको र उक्त वारदात यिनै प्रतिवादी गोपाल बस्नेतको संलग्नताबाट भएको पुष्टि हुन आउने ।

प्रतिवादीले तत्काल उठेको रिसको आवेगमा नभई अनैतिक सम्बन्धलाई सदैव लुकाउने उद्देश्यले मृतकलाई एकान्त निर्जन जङ्गलमा बोलाई त्यही मृतकको इहलिला समाप्त पार्ने मनसायकासाथ वारदात घटाएको भन्ने कुरा निजको कसूरमा साबिती बयान र वारदातको चित्रणबाट देखिन आएको अवस्थामा निज प्रतिवादीमा मृतकको ज्यान मार्ने मनसाय थिएन भन्न मिलेन । यसरी मनसायपूर्वक मृतक लक्षीमाया बस्नेतलाई कर्तव्य गरी मारेको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल असार २ गते रोज १ शुभम् ।

१५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०७०-CI-००२९, परमादेश, *रामचन्द्रप्रसाद यादवसमेत वि. वलरामबहादुर प्रधानाङ्ग*

निवेदकले चौहद्दि किटान गरी सप्रमाण दावी गरेको जग्गा उल्लिखित ठेगानामा भए नभएको तर्फ स्थलगत सर्जमीन आदि गरी त्यसबाट देखिएको यथार्थ विवरणको आधारमा निवेदकलाई सिफारिश दिने वा दिनु नपर्ने देखिन आएकोमा सोही व्यहोरा खोली निवेदकलाई जानकारी दिनुपर्ने कानूनी कर्तव्य विपक्षीको रहे भएकोमा विपक्षीबाट सो कर्तव्य पालना भएको भन्ने नदेखिँदा आवश्यक जाँचबुझ गरी निवेदकले दर्ता गराएको निवेदनमा सर्जमीनलगायत आवश्यक कारवाही गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।९।३ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल माघ ६ गते रोज २ शुभम् ।

१६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६८-CI-०९०५, निषेधाज्ञा परमादेश, *लक्ष्मण तामाङ वि. प्रिया श्रेष्ठसमेत*

निवेदकले आफ्नी पत्नी प्रिया श्रेष्ठले आफूलाई छाडी मिति २०६३।६।५ देखि बेपत्ता भएको र २०६७।१०।१३ मा आफू विरूद्ध उजूरी दिएको भन्ने निवेदन दावी भए तापनि प्रिया श्रेष्ठले मिति २०६७।१०।१० मा महानगरीय प्रहरी परिसर महिला तथा बालबालिका सेवा केन्द्र कालीमाटीसमक्ष पेश गरेको निवेदनमा आफूहरूबीच समयसमयमा शारीरिक सम्पर्कसमेत हुने गरेको भन्ने व्यहोरा उल्लेख गरेकी छिन् । साथै निज पति पत्नी दुबै पक्षबीच मिति २०६७।१०।१८ मा मिलापत्रसमेत भएको अवस्थामा विपक्षीहरूबाट निवेदकलाई धरपकड गर्ने, पक्राउ गर्ने तथा थुन्नेलगायतका कार्य हुनसक्ने अवस्था नदेखिई आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नभएबाट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

१७

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६८-RC-००४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजु वि.क.*

प्रतिवादीउपर परेको किटानी जाहेरी दरखास्त, अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत प्रतिवादी आरोपित कसूरमा साबित रहेको अवस्था, मौकाको कागज र शव परीक्षण प्रतिवेदनलगायत प्रमाणबाट किसनबहादुर वि.क. को मृत्यु प्रतिवादी राजु वि.क.ले प्रहार गरेको जोखिमी धारिलो हतियारबाट भएको तथ्यमा विवाद नहुँदा प्रतिवादी राजु वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको शुरू नवलपरासी जिल्ला अदालतको मिति २०६७।६।१३ को फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।८।२१ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल असार १० गते रोज २ शुभम् ।

१८

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६६-CR-०२९३, कीर्ते जालसाज, *बदामीदेवी साह वि. पुहुपलाल साहू तेली*

वादी पुहुपलाल प्रतिवादी बदामीका ससुरा नथु साहूको छोरा नभै आफ्नो कुनै नाता नै नभएका व्यक्तिलाई आफ्नो जेठाजु नाता पर्ने र निज मरी निःसन्तान रहेकाले निजको संयुक्त दर्ताभित्रको निजको हक लाग्नेसमेतको जग्गा आफू हकवाला भनी सर्जमीन र गाउँ विकास समितिको सिफारिशसमेत गराई सोही आधारबाट हक हस्तान्तरण गरे गराएको देखिँदा उक्त कार्य कीर्ते कागजको ३ नं. विपरीत जालसाजीको कसूर ठहर गरी निज प्रतिवादी बदामीदेवी हलुवाइनलाई कीर्ते कागजको १० नं. बमोजिम बिगोको सयकडा २५ प्रतिशतले जरीवाना हुने।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

१९

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६६-CI-१०२३, छूट जग्गा दर्ता, *मालपोत कार्यालय, उदयपुर वि. सुकल चौधरी*

तेरो मेरो हक बेहकको प्रश्नमा सम्बन्धित अदालतबाट हक कायम गराई ल्याउनु भनी निर्णय सुनाउनुपर्नेमा सो नगरी निवेदन खारेज गर्ने ठहर गरेको मालपोत कार्यालय, उदयपुरको मिति २०६६।२।३१ को निर्णय बदर गरी जो जे बुझ्नुपर्छ बुझी कानूनबमोजिम निर्णय गर्नु भनी उपस्थित पक्षहरूलाई शुरू मालपोत कार्यालय, उदयपुरको तारिख तोकी मिसिल निर्णयका लागि शुरूमा पठाउने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।८।४ को फैसला

मिलेको देखिँदा सदर हुने ।
इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

२०

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६९-CI-१०५९, उत्प्रेषण परमादेश, *रमेश झा वि. उच्च माध्यमिक विद्यालय, आमसाल बसहा-४, उदयपुरसमेत*

स्वेच्छापूर्वक राजीनामा दिएको नभै कर दबाबमा परी राजीनामा दिएको भए कानूनबमोजिम सो राजीनामा बदर गराउन नालिस गर्न सक्नुपर्ने र मिति २०६७।६।१२ देखि लामो समय निज विद्यालयबाट अलग भै चूपचाप बस्नुपर्ने कारणसमेत निवेदकले खुलाउन सकेको नदेखिँदा निवेदकले स्वेच्छापूर्वक राजीनामा दिएको भन्ने निर्णयपुस्तिकामा उल्लेख भएको र करकाप विषयमा रिट क्षेत्र आकर्षित हुन नसक्ने हुँदा रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।८।२४ मा गरेको इन्साफ मनासिबै देखिँदा सदर हुने ।
इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०७० साल माघ ६ गते रोज २ शुभम् ।

२१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६९-RC-००७८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुर लुहार*

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा गरेको बयान समर्थित हुन आएको छ । मृतकको टाउको तथा कुमसमेतमा धारिलो हतियारले प्रहार गरेको तथ्य लासजाँच मुचुल्काबाट देखिनु र यस तथ्यको थप पुष्टि शव परीक्षणबाट स्थापित हुन आएको छ । यी तथ्यहरूलाई प्रतिवादीले स्वीकार गरेको हुँदा यिनै प्रतिवादी सुर लुहारले प्रहार गरेको हँसियाको चोटबाट किडी लुहारको मृत्यु भएको तथ्य पुष्टि हुने ।

प्रतिवादीउपर परेको किटानी जाहेरी दरखास्त, अनुसन्धान अधिकारीसमक्ष र अदालतमा समेत प्रतिवादी आरोपित कसूरमा साबित रहेको अवस्था, मौकाको कागज र शव परीक्षण प्रतिवेदनलगायतका प्रमाणबाट सुर लुहारले आफ्नी श्रीमती किडी लुहारको टाउकोलगायत शरीरको विभिन्न भागमा जोखिमी धारिलो हतियार हँसियाले प्रहार गरेको कारण सोही चोट पीडाबाट किडी लुहारको मृत्यु भएको देखिँदा प्रतिवादी सुर लुहारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।
इजलास अधिकृतः शिवप्रसाद खनाल
इति संवत् २०७० साल असार २ गते रोज १ शुभम् ।

२२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६९-RC-००९७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टाउके अभिनास भन्ने गौरी दिलपाली राई*

मृतकको छातीमा धारिलो हतियारले प्रहार गरेको तथ्य लास जाँच मुचुल्काबाट देखिनु र यस तथ्यको थप पुष्टि शव परीक्षणबाट स्थापित हुन आएको छ । यी तथ्य एवं प्रमाणहरूलाई अन्यथा नभनी प्रतिवादीले स्वीकार गरेको हुँदा यिनै प्रतिवादी टाउके अभिनास भन्ने गौरी दिलपाली राईले प्रहार गरेको चुप्पीको चोट पीडाबाट मनबहादुर साम्पाङ राईको मृत्यु भएको तथ्य शङ्कारहित तवरबाट पुष्टि भएको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको शुरू पाँचथर जिल्ला अदालतको मिति २०६७।५।३० को फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।२१।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृतः दीपक ढकाल
इति संवत् २०७० साल असार १० गते रोज २ शुभम् ।

२३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६९-CI-०४०४, उत्प्रेषण परमादेश, *उत्तमराज भण्डारी वि. सूर्यकुमारी श्रेष्ठसमेत*

मालपोत ऐन, २०३४ को दफा ३१ मा भएको व्यवस्थाबमोजिम नियमित प्रक्रियाबाट नै पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने प्रभावकारी कानूनी मार्ग भएको अवस्थामा ऐनद्वारा प्रदत्त हकको मौकामा उपयोग नगरी रिट क्षेत्राधिकारअन्तर्गत प्रवेश गरेको अवस्थामा अदालतले त्यस्तो निवेदकको हक प्रचलन गराउन नमिल्ने हुँदा प्रस्तुत निवेदन एवं पुनरावेदन जिकीर कानूनी आधारविहीन देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

२४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** ०६७-CR-०४६२, कुटपीटबाट गर्भपतन, *नेपाल सरकार वि. कलावती चौधरीसमेत*

जाहेरवाला र स्वयम् पीडितले वारदातका विषयमा नै विरोधाभाष कुरा उल्लेख गर्नु र पीडितको शारीरिक परिक्षणसमेतबाट कुटपीट गरेको कुनै चिन्ह नपाइनुबाट वारदात नै स्थापित हुनसक्ने अवस्था छैन । वारदात स्थापित हुने त्यस्तो विश्वासप्रद प्रमाणसमेत वादी पक्षबाट गुजार्न सकेको पाइँदैन । वारदात नै स्थापित हुन नआएको अवस्थामा जाहेरवाला तथा पीडित भनिएकी मीनाकुमारीले शङ्कास्पद किसिमले व्यक्त गरेको कुरालाई अदालतले प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिएन । त्यसकारण यी प्रतिवादीको कार्यबाट मीनाकुमारी चौधरीको गर्भपतन भएको तथ्य स्थापित नभएको हुँदा प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः दीपक ढकाल

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

२५

**स.का.मु.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०७०-WO-०१६१, उत्प्रेषण, *सहयोगी उच्च माध्यमिक विद्यालय वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

दावीको जग्गा निवेदक सहयोगी उच्च माध्यमिक विद्यालयले नेपाल सरकारबाट स्वामित्व हस्तान्तरण गरी प्राप्त गरेको जग्गा नभई भोगाधिकारसम्म मात्र प्राप्त गरेको, उक्त जग्गाको स्वामित्व नेपाल सरकारकै नाममा भएको, भोगाधिकारमात्र अरूलाई हस्तान्तरण गरेको अवस्थामा उक्त जग्गाको जग्गाधनीले सो जग्गाको स्वामित्व अरूलाई हस्तान्तरण गर्न र भोगाधिकार अरूलाई दिनसक्ने नै भएकोले उक्त जग्गामा निवेदक विद्यालयलाई भोगाधिकार दिने गरी गरेको निर्णय परिवर्तन वा सशोधन गरी निवेदन विद्यालयलाई भोगाधिकारप्राप्त उक्त जग्गामध्ये केही जग्गा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई दिने भनी गरेको नेपाल सरकारको मिति २०७०।३।२० को निर्णयले निवेदकको कुनै कानूनबमोजिमको हकाधिकारमा आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति सवत् २०७० साल मङ्सिर ९ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०७०-WO-४७६, प्रतिषेध, परमादेश उत्प्रेषण, *विश्वेन्द्र पासवान वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय*

हरेक राष्ट्रको आफ्नो इतिहास, परम्परा र संस्कृति हुन्छ । राष्ट्रको भूगोल र स्रोत साधनको योगदान हुन्छ । त्यसैले इतिहास, संस्कृति, कला,

साहित्य, कानून, उद्योग वाणिज्य, अर्थशास्त्र, सूचना एवं सञ्चार, नागरिक समाज, शिक्षा, समाज सेवा, प्रशासन, मनोरञ्जन, खेलकुद, पर्वतारोहण र यस्तै अन्य कतिपय महत्त्वपूर्ण क्षेत्रहरू राष्ट्रिय जीवनका अभिन्न अङ्ग हुन् र यी कुनै पनि क्षेत्रबाट योगदान दिई विशिष्ट व्यक्तित्त्व हासिल गरेको छ वा तिनबाट जनता र राष्ट्रले कुनै रूपमा लाभ हासिल गरेको छ र ती अनुभवहरू पनि संविधान निर्माणको क्रममा सान्दर्भिक र आवश्यक देखिन्छन् भनी तिनको समावेशितालाई नै केन्द्रित गरेर धारा ६३(३)(ग) को प्रयोजनको लागि मनोनयन गर्नुपर्ने ।

संविधानले मन्त्रिपरिषद्लाई धारा ६३(३) (ग) अन्तर्गत संविधानसभाको लागि सदस्य मनोनयन गर्ने कार्य अत्यन्त विशिष्ट प्रकृतिको जिम्मेवारी सुम्पेको छ । यसबाट संविधानसभालाई आवश्यक विशेषज्ञता वा विशेष अनुभवबाट सुसज्जित हुने एवं विद्यमान अभाव हटाउने महत्त्वपूर्ण अवसर मिल्ने देखिन्छ । संविधानसभालाई नै अपूर्णताबाट पूर्णतातर्फ लैजान सघाउने हिसाबले राखिएको यस्तो विशेष व्यवस्थालाई राजनीतिक शक्ति समीकरणमा तालमेल र दलगत सीमित स्वार्थको विषय बनाउन कदाचित नमिल्ने ।

संविधानको अधीनमा रही अब १५ दिनभित्र उक्त धाराबमोजिमको संवैधानिक दायित्व पूरा गरी मनोनयन गर्नु भनी विपक्षी मन्त्रिपरिषद्को नाउँमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् परमादेश जारी हुने ।

धारा ६३(३) को खण्ड (ग) बमोजिम मनोनयनसम्बन्धी निर्णय गर्दा मनोनीत हुने व्यक्तिले राष्ट्रिय जीवनका के कुन क्षेत्रबाट के कस्तो विशिष्ट योगदान दिएको भई मनोनयन गरेको हो सोको आधार खुलाउनु सार्वजनिक प्रकृतिको र संवैधानिक निर्णयको लागि जरूरी देखिएकोले उपर्युक्त प्रक्रिया र शर्त पूरा नगरी मनोनयन नगर्नु नगराउनु र उक्त धारा तथा माथि विश्लेषण गरिएअनुसार ६३(३) को खण्ड (ग) बमोजिम मनोनयन गर्दा उपधारा (३) को खण्ड (ग) अन्तर्गत निर्वाचनको प्रक्रियामा उम्मेद्वार भई सामेल भईसकेको राजनैतिक दलसँग आबद्ध व्यक्ति बाहेकलाई तथा उपधारा ३ को खण्ड (क) र (ख) बमोजिम निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेको आदिबासी जनजातीमध्येबाट बाहेक अन्यलाई मनोनयन नगर्नु नगराउनु भनी विपक्षीको नाममा प्रतिषेधको आदेश जारी हुने ।

इति संवत् २०७१ साल बैशाख २९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CR-०३०८, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. राजु बस्नेत*

प्रतिवादीमध्येकी आईतीमाया गुरुङले अनुसन्धान अधिकारी र अदालतमा समेत बयान गर्दा प्रतिवादी पवनकुमार श्रेष्ठ र पीडित कोपिला थापाबीच विवाहको कुरासम्म गरिदिएको हो भनी बयान गरेको अवस्था छ । कुनै विवाहसम्बन्धी कार्यमा संलग्न हुनु र जीउ मास्ने बेच्ने कार्यमा संलग्न हुनु पृथकपृथक कार्य हुन् । तथापि प्रतिवादी आईतीमाया गुरूङ र यी प्रतिवादी राजु बस्नेत दुबैजनाउपर जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(छ) को कसूरमा दफा ८(४) बमोजिमको सजायको माग दावी लिई अभियोग दायर भएकोमा प्रतिवादी पवनकुमार श्रेष्ठ र पीडित कोपिला थापाबीच विवाहको कुरा गर्ने भनिएकी प्रतिवादी आईतीमाया गुरुङले आरोपित कसूरबाट सफाइ पाउने ठहरी विशेष अदालतबाट मिति २०५९।६।१४ मा भएको फैसला अन्तिम भइ बसेको देखिन आउँछ । यसरी प्रतिवादी पवनकुमार श्रेष्ठ र पीडित कोपिला थापाबीच विवाहको कुरा गर्ने भनिएकी प्रतिवादी आईतीमाया गुरुङले नै कसूरबाट सफाइ पाउने ठहरी भएको फैसला अन्तिम भै बसेको स्थितिमा प्रतिवादीहरू पवनकुमार श्रेष्ठ र आईतीमाया गुरुङबीच चिनजान गराई दिने कार्य गर्ने आईतीमाया गुरुङसरह समान अभियोग लागेका

यी प्रतिवादीलाई कसूरदार ठहर गर्न नमिल्ने हुँदा प्रतिवादीउपरको कसूर प्रमाणित हुने तथ्ययुक्त र ठोस प्रमाण पेश हुन नसक्नुका साथै समान स्तरका प्रतिवादी आईतीमाया गुरुङले सफाइ पाउने ठहरी भएको फैसला अन्तिम भै बसेको देखिएसमेतको आधार र प्रमाणबाट प्रतिवादी राजु बस्नेतलाई सफाइ दिने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०६६।३।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः किशोर घिमिरे

इति संवत् २०७० साल फागुन ११ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CR-०७२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरबहादुर ऐर*

भिसेरा जाँच गरी प्रतिवेदन दिने विशेषज्ञको बकपत्र हुन नसके पनि त्यसलाई प्रमाणमा लिएको अवस्थामा पनि विष खाने खुवाउने कार्य मृतकले बाटोमा बान्ता गर्नुपूर्व भएको थियो भन्ने स्थिति बान्ता भएको पदार्थको जाँचबाट नदेखिएको यस अवस्थामा प्रतिवादीले मृतकलाई विष खुवाएका हुन् भनी भन्नसक्ने अवस्था नदेखिने ।

मृतक प्रतिवादीको घरबाट आफ्नो घरतर्फ जाँदै गर्दा बाटामा नै बान्ता गरेको छ र निजहरूबीच पुनः भेटघाट भएको छैन । सो बान्तामा कुनै किसिमको विष देखिएको छैन । बान्ता गरेपछि मृतक आफ्नो घरमा गएका र घरमा पुगेपछि बेहोस भई बेहोसी अवस्थामा नै निजलाई अस्पताल लैजाँदा बाटोमा निजको मृत्यु भएको देखिएको छ । मृतक प्रतिवादीका घरबाट हिँडेपछि प्रतिवादी र मृतकबीच पुनः भेटघाट नहुनु, मृतकको बाटामा बान्ता गर्नु तर सो बान्तामा कुनै विष नदेखिनुसमेतका तथ्यहरूबाट प्रस्तुत मुद्दाको तथ्यको कडीको आबद्धता टुटिसकेको देखिन आउँछ । परिस्थितिजन्य प्रमाणबाट कसूर स्थापित हुनको लागि तथ्यको आबद्धता मालाकाररूपमा जोडिएको हुनुपर्ने ।

प्रतिवादीले आरोपित कसूर गरेको भन्ने कुराको प्रत्यक्ष र विश्वसनीय प्रमाण वादी पक्षबाट पेश हुन नसक्नुको साथै भिसेरा परीक्षण गर्ने विशेषज्ञले प्रमाण ऐन, २०३१ को दफा २३(७) र ५२ बमोजिम बकपत्र नगरेको हुँदा उक्त परीक्षण प्रतिवेदनलाई अकाट्य प्रमाण मान्न नसकिने भएकोले केवल शङ्का र अनुमानका भरमा मात्र प्रतिवादीलाई दोषी ठहर गर्न नमिल्ने हुँदा कञ्चनपुर जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६६।१०।१८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

इति संवत् २०७० साल फागुन ११ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६७-WO-०५२३, उत्प्रेषण परमादेश, *टेकबहादुर भण्डारी वि. वन तथा भू संरक्षण मन्त्रालयसमेत*

निजी जग्गामा लगाइएका सालका रूख काट्न बिक्री वितरण र ओसारपसार गर्न अनुमति नदिने गरी गरेको निर्णयउपर यस अदालतमा परेका विभिन्न रिट निवेदनहरूमा यस अदालतको संयुक्त इजलासबाट पृथकपृथक राय कायम भई एकरूपता कायम भएको देखिन आउँदैन । वन ऐन, २०४९ र सो ऐनको उद्देश्य पूरा गर्न जारी भएको वन नियमावली, २०५१ को नियम १२ मा व्यवस्था भएबमोजिम कुनै खास प्रकारको वन पैदावारको उपयोग, बिक्री वितरण, विदेश निकासी र कटानसमेतमा सरकारले प्रतिबन्ध लगाउने गरी सूचना प्रकाशन गर्नसक्ने गरी भएको कानूनी व्यवस्थाअनुसार नै विभिन्न समयमा सूचना प्रकाशन भएको देखिएको र सबभन्दापछि २०६४।७।१९ मा सालको रूख कटान, बिक्री वितरणसमेतमा प्रतिबन्ध लगाउने

गरी भएको सूचना बहाल रहेको देखिँदा प्रचलित नेपाल कानूनअन्तर्गत जारी भएको सूचनाबमोजिम निवेदकको जग्गामा रहेका सालका रूखहरू काट्न नपाउने भनी इजाजत नदिएको कार्य कानूनअनुकूल नै रहेको देखिएको छ । तर, यस अदालतबाट माथि उल्लेख गरिएको विभिन्न रिट निवेदनमा परस्पर विरोधी र भिन्नाभिन्नै राय व्यक्त गरी निर्णय भएको हुँदा रायमा एकरूपता कायम हुनका लागि सोको निरूपण पूर्ण इजलासबाट हुन उपयुक्त देखिएकोले सयुक्त इजलासको दायरीको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (ख) बमोजिम पूर्ण इजलासको दायरीमा दर्ता गरी पूर्ण इजलासमा पेश हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल फागुन १२ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-CI-०९६३, ०९६४, रैकर लगत कट्टाको निर्णय बदर, *सुशीला श्रेष्ठ वि. गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौंसमेत, सुधिरबहादुर श्रेष्ठ वि. गुठी संस्थान शाखा कार्यालय, ललितपुरसमेत*

लगतमा र क्षेत्रीय किताबमा विरह फरकफरक रहेको र क्षेत्रीय किताब र स्रेस्ता पूर्जामा समेत गुठी जनिएको अवस्था देखिन आउँदैन । उजूरी गर्नेले पनि सो जग्गा कुन आधार, कारण र प्रमाणबाट गुठीको हो भनी देखाउन सकेको छैन । लगत नं. ४६ को जग्गा कि.नं. ७० सँग भिडेको छ भन्ने कुनै स्पष्ट आधार देखाउन सकेको पनि पाइएन । सो हुँदा विवादित जग्गा वादी तर्फबाट दावी लिएबमोजिम गुठीकै जग्गा हो भनी भन्न सक्ने अवस्था नदेखिने ।

दावीको कि.नं. ७० को जग्गा नापी हुँदा रैकर भनी नापी भएको र दर्ता गराई तहतह मालपोत कार्यालयको निर्णयले हकप्राप्त व्यक्तिमा हक हस्तान्तरणसमेत हुँदै आएकोमा सोलाई हक पुग्ने व्यक्ति शिवलाल ताम्राकारले आफ्नो नाउँमा दर्तासमेत गराएको देखिन्छ । उक्त विवादित जग्गामा नक्सापास गराई घर निर्माण भई भोगचलन गरी आएको पनि देखिन्छ । यसरी दर्ता स्रेस्ता प्राप्त गरी सो जग्गामा घर निर्माण गरी लामो समयसम्म भोगचलन गरी आएको तथ्यमा कुनै विवाद रहेको देखिन नआउने ।

गुठी वा रैकर जग्गाको यकीन नै नगरी जग्गाको लगत नभिडेको अवस्थामा अनुमानको भरमा १५ वर्षभन्दा अघिदेखि तहतह हक हस्तान्तरण भई आएको एकाको नाममा दर्ता भइसकेको जग्गालाई बिनाआधार बिनाप्रमाण लगत भिडेको भनी रैकर जग्गालाई गुठी कायम गर्ने अधिकार उक्त दफाले गुठी संस्थानलाई दिएको देखिँदैन । कि.नं. ७० को जग्गा गुठीको हो भन्ने प्रमाणबाट नदेखिएको र हक हस्तान्तरण हुँदै प्रतिवादीहरूको नाउँमा दर्ता भई नक्सा पास गरी घर निर्माण गरी भोगचलनसमेत गरी आएको अवस्थामा उक्त जग्गालाई गुठीको जग्गा ठहऱ्याएको गुठी संस्थान केन्द्रीय कार्यालयको निर्णयलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०७० साल माघ ५ गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६७-CR-०५५०, ०८५५, ०९९१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शेरबहादुर बस्नेत, भागीरथी बस्नेत वि. नेपाल सरकार, शेरबहादुर बस्नेत वि. नेपाल सरकार*

घटनास्थल लास जाँच मुचुल्कामा रातो कपडाको डोरीले घाँटी कसिएको, U आकारको डाम तथा घाउसमेत रहेको भनी उल्लेख भएको

पाइन्छ । जातकको Autopsy Report हेर्दा मृत्युको कारणमा Asphyxial death due to cloth's rope around the neck भनी उल्लेख भएकोसमेतबाट प्रतिवादी भागिरथी बस्नेतले जन्माएको जातक मृत जन्मेको नभै जीवित जन्मेको बालकको हो भन्ने कुरा पुष्टि हुने ।

प्रतिवादी भागिरथी बस्नेतले मौकामा गरेको बयानमा कपडाको डोरीले घाँटीमा बाँधी गाँठो पारेको कारण बच्चाको मृत्यु भएको भनी उल्लेख गरेको पाइन्छ । निजले अदालतसमक्ष बयान गर्दा बच्चा रोईकराई नगरेको र श्वासप्रश्वास नभएको कारण मरेको ठानेको भनेको भए पनि मरे नमरेको यकीन खुलाउन पनि नसकेको र कपडाले बेरी राखेको भनी उल्लेख गरेबाट मौकाको बयानलाई अन्यथा भन्न नसकेको अवस्थामा निजको मौकाको बयान प्रमाणयोग्य मान्नुपर्ने हुन्छ । निजको उक्त कथन मृतक बालकको Autopsy Report मा उल्लेख भएको मृत्युको कारणबाट समेत समर्थित हुने ।

प्रतिवादी शेरबहादुर बस्नेत नवजात बालकलाई मार्नमा प्रत्यक्षरूपमा सहभागी भएको भन्ने कुरा कहींकतैबाट खुल्न आएको अवस्था नभए पनि अवैध करणी गरेको र गर्भधारण हुँदा हाडनाताबाट जोगिनलाई निज पनि प्रयासरत् रहेको मिसिल संलग्न प्रमाणहरूबाट देखिइरहेको छ । बच्चा जन्मिइसकेपछि प्रतिवादी भागिरथिले निज शेरबहादुरलाई बोलाएको र निजको मिलेमतोमा जिउँदो जन्मेको बच्चालाई प्रतिवादी भागिरथीले मारी प्रतिवादी शेरबहादुरले आफ्नो बारीमा खाल्डो खनी गाडेको भन्ने कुरा निज प्रतिवादीहरूको बयानबाट देखिएको छ । जाहेरवालाले खुलाएको माहिलो छोरा शेरबहादुर बस्नेत र जेठी बुहारी भागिरथीबीच अवैध करणी लेनदेन भैरहेको गर्भबाट जन्मेको जिउँदो बच्चा दुबैको मिलेमतोमा मारी गाडेको भन्ने कथनबाट समेत पुष्टि भैरहेको पाइन्छ । यस्तो स्थितिमा निज प्रतिवादी शेरबहादुर बस्नेतको हकमा ज्यानसम्बन्धीको १७(२) नं. आकर्षित हुने नभई ऐ. १७(३) नं. आकर्षित हुने हुँदा निजको हकमा ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम कैद वर्ष १ गर्ने गरेको हदसम्म पुनरावेदन अदालत, तुलसीपुरको फैसला नमिलेको हुँदा सो हदसम्म उल्टी भई निज प्रतिवादी शेरबहादुर बस्नेतलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम कैद वर्ष २१/२ (दुई वर्ष छ महिना) हुने र ऐ. महलको ४ नं. बमोजिम थप ६ महिना कैद हुने ।

प्रतिवादी भागिरथीले कर्तव्य गरी जातक मारेको र जन्मकैदको सजायसम्मको कसूर गरेको अवस्थामा शुरू तथा पुनरावेदन अदालतबाट अ.बं. १८८ नं. बमोजिम ३(तीन) वर्ष राय व्यक्त गरेको सजाय अत्यन्त न्यून रहेको देखियो । कसूर गर्दाको परिस्थिति, गर्भ पतनको सेवा लिन नसकेको अवस्था, सामाजिक लाञ्छनाको भयसमेतको स्थिति विचार गर्दा अ.बं. १८८ नं. बमोजिम निजलाई कैद वर्ष १०(दश) को सजाय निर्धारण गर्दा पनि ऐनको मनसाय पूरा हुने भै निजका हकमा समेत सो सजाय पर्याप्त हुने देखिएकोले निजको हकमा शुरू तथा पुनरावेदन अदालतको रायको हकमा परिवर्तन भै निजलाई १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम/आत्मदेव जोशी

इति संवत् २०७० साल मङसिर २४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WH-०००५, बन्दीप्रत्यक्षीकरण, *देवराज केसीको हकमा शिव कार्की वि. जिल्ला वन कार्यालय, सुनसरीसमेत*

बन्दीप्रत्यक्षीकरणको निवेदनमा थुनाको वैधता जाँचीने कुरा हो । वन ऐन, २०४९ को दफा ६४ बमोजिम कानूनले पुर्पक्षको निमित्त थुनामा राख्ने हदभित्रको होइन भन्ने कुरा निवेदन व्यहोराबाट र लिखित जवाफबाट समेत देखिन नआएकोले थुनालाई सिधै गैरकानूनी भन्न सकिने

भएन । तसर्थ बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने पूर्वशर्तको अभावमा सो जारी हुनसक्ने अवस्था देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल भदौ ३० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-CI-००२९, निषेधाज्ञा, परमादेश, *रेणु बुढाथोकी राना वि. प्रहरी प्रधान कार्यालय, काठमाडौंसमेत*

विपक्षीहरूले पक्राउ गरी जबर्जस्ती लेनदेनको कागज गराएका र पुनः पक्राउ गर्ने आशङ्का रहेको भनी निवेदन दावी लिएको देखिए तापनि सो दावीलाई खम्बीर हुने कुनै प्रमाण गुजार्न नसकेको र प्रत्यर्थीहरूले सो दावीलाई पूर्णतः इन्कारसमेत गरेको देखिन्छ । पुनरावेदन अदालत, पाटनको रेकर्ड मिसिल संलग्न प्रत्यर्थीमध्येका बिन्दीका गुरूङको लिखित जवाफसाथ संलग्न मिति २०६७।११।१८ को कपाली तमसुकको फोटोकपी हेर्दा प्रत्यर्थी बिन्दीका गुरूङ तथा निवेदिकाबीच लेनदेन भएकै देखिन्छ । सो तथ्यलाई निवेदिकाले अन्यथासमेत भन्न सकेकोसमेत देखिँदैन । यिनै आधार र कारणबाट पुनरावेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CR-०७९६, सवारी ज्यान, *नेपाल सरकार वि. गीतबहादुर पुन*

ट्रक चालकले २०५६ सालदेखि विधिवत् सवारी चालक अनुमतिपत्र प्राप्त गरी सवारी चलाएको जिकीर लिएको र यान्त्रिकरूपमा दुरूस्त रहेको उक्त सवारी साधन मादक पदार्थ सेवन नगरी ध्यान दिई तथा होशीयारीपूर्वक साइड बत्ती बाल्दै एवं हर्नसमेत बजाउँदै र सुस्त गतिमा हाँक्दा ३९ फिट चौडा फराकिलो सडक भएको चोक बजारमा ट्याक्सीले एक्कासी बाटो काट्दा ट्रक चालकले आफ्नो सवारीको ब्रेक लगाएपछि पछाडि आउँदै गरेको मोटरसाइकल तत्काल उक्त ट्रकमा ठोक्किएर दुर्घटना भएको मिसिल संलग्न कागजातबाट खुल्दछ । सवारी चलाएको बेलामा भएको चालकको अवस्था, उक्त ट्रकको यान्त्रिक अवस्था, घटनास्थल प्रकृति विवरण, सडक दुर्घटना प्रतिवेदन स्केच, प्रतिवादीको बयान, ट्रकका सहयोगीको कागज एवं दुर्घटना भएको अवस्थामा तत्काल देख्ने मानिसहरूको अदालतमा भएको बकपत्रसमेतका मिसिल संलग्न सम्पूर्ण कागज प्रमाणहरूको रोहमा हेर्दा प्रस्तुत ऐनको दफा १६१(३) मा वर्णित अवस्थाको सवारी दुर्घटना भई माथि प्रकरणहरूमा विश्लेषण गरिएका आधारमा मोटरसाइकल चालकहरूको मृत्यु भएको मिसिल संलग्न कागजातबाट पुष्टि हुँदा पुनरावेदन अदालत, पोखराबाट प्रतिवादी गीतबहादुर पुनलाई यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम एक वर्ष कैद र दुईहजार रूपैयाँ जरीवाना हुने ठहर्‍याई भएको फैसला मनासिबै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-०९४०, निषेधाज्ञा परमादेश, *अजमत मन्सारी वि. जिल्ला महोत्तरी, धमौरा गाउँ विकास समितिको कार्यालय, धमौरासमेत*

निवेदक पहिले कार्यरत् रहेको प्रा.स. पदमा मिति २०६५।४।१ देखि अर्कै व्यक्ति नियुक्त भई कार्यरत् रहेको गाविसको लिखित जवाफबाट देखिन आएको प्रस्तुत अवस्थामा यी पुनरावेदकको मागबमोजिम निज निवेदक

अविच्छिन्नरूपमा कार्यालयमा कार्यरत् रहेको भन्ने पुष्टि हुन सकेन । सो पुष्टि हुन नसकेबाट निवेदकको दावीअनुसारको आशङ्काको स्थिति रहेको भन्न मिलेन । यिनै आधारबाट निषेधाज्ञा जारी गर्नुपर्ने औचित्य देखिएन । २०६६ साल पुस १२ गतेसम्म कार्यालयमा हाजिर रहेको हाजिरी रेकर्ड निवेदकले निवेदनसाथ पेश गरेको देखिँदा सो अवधिमा निज कार्यालयमा हाजिर रहेको गाउँ विकास समिति कार्यालयको हाजिरी रेकर्डबाट पुष्टि हुन आएकोले सो अवधिको तलब, भत्ता भने निज पुनरावेदकले पाउने नै देखिने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-१०२२, छूट जग्गा दर्ता, *मालपोत कार्यालय, उदयपुर वि. ढोढाई चौधरी*

छूट दर्तासम्बन्धी विवादमा कानूनबमोजिम निर्णय हुनसक्ने अवस्था रहेकै हुँदा पुनरावेदन अदालत, राजविराजले जो जे बुझ्नुपर्ने हो बुझी प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी उक्त जग्गा व्यक्ति विशेषका नाममा दर्ता गर्ने वा नगर्ने सम्बन्धमा निर्णयका लागि मालपोत कार्यालय, उदयपुरमा फिर्ता पठाएको मुद्दाको नै प्रक्रियामा हस्तक्षेप गरिरहनु पर्ने नदेखिएकोले पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।१।१४ मा भएको फैसला सदर गरिरहनु परेन, सो बदर हुने ठहर्छ । पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल कात्तिक ३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-१२४९, परमादेश, *राजु शैयद महम्मदसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

शक्ति पृथकीकरणको सिद्धान्तअनुसार पनि कार्यपालिकीय अङ्गअन्तर्गतको निकायको अधिकारक्षेत्रअन्तर्गत विचाराधीन र छानबिनकै क्रममा रहेको विषयमा अहिले नै न्यायिक क्षेत्रले रिटको माध्यमबाट हस्तक्षेप गरी रिट निवेदक राजु शैयद महम्मदलाई अङ्गीकृत नागरिकता दिने निर्णय गर्नु भनिहाल्न मिलेन । तथापि सार्वजनिक जवाफदेहीता बहन गर्नुपर्ने निकायको रूपमा रहेको विपक्षी गृह मन्त्रालयले आफूले सम्पन्न गर्नुपर्ने काम कारवाही विलम्बरहित, पारदर्शी र जवाफदेहीपूर्ण भने हुनैपर्ने हुँदा माग दावी लिइएको विषयमा निर्णय गर्ने गृह मन्त्रालयले अनुचित विलम्ब गरेको अवस्था देखिएको हुँदा रिट निवेदक राजु शैयद महम्मदले दिएको अङ्गीकृत नेपाली नागरिकताको निवेदनउपर छानबिन गर्ने कार्य बाँकी रहेको भए सो कार्य यथाशीघ्र छिटो सम्पन्न गरी निजलाई अङ्गीकृत नेपाली नागरिकता दिन मिल्ने नमिल्ने के हो सो सम्बन्धमा यथाशीघ्र निर्णय गर्नु भनी विपक्षी गृह मन्त्रालयको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल असार २६ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** कर्तव्य ज्यान, ०६८-CR-०६५४, *राजन भन्ने पदम सेढाई वि. नेपाल सरकार*

वारदातको मिति समयमा घरायसी व्यवहारका कुरामा हजुरआमा असहमत हुनु भएको कारण तत्काल रिस उठी आवेशमा आई फलामको दाउले मृतकलाई झटारो हान्दा निजको टाउकोमा लागी मृतक सिलौटामा लडी रगत बगेको र सो देखेपछि फलामको दाउले पुनः झटारो हान्दा

लडी उपचार गर्न लैजाँदै गर्दा घटनास्थलमा नै मृत्यु भएको हो भनी लेखाइदिएको पाइएबाट निज प्रतिवादी आरोपित कसूर गरेकोमा अधिकारप्राप्त अधिकारी र अदालत समक्ष साबितै रही बयान गरेको पाइयो । निजको उक्त साबिती बयान मिसिल संलग्न मृतकको लास जाँच मुचुल्कामा टाउकाको अगाडि पछाडि बीच भागमा ठूलो गहिरो घाउ भनी लेखाइदिएको, वारदातस्थलबाट धारीलो फलामे दाउ र धारीलो चुलेसी रगत लागेको अवस्थामा बरामद भएको भनी घटनास्थल मुचुल्का विवरणमा लेखाइदिएको टाउकाको रौं रगतले भिजेको, टाउकोको ठाउँ ठाउँमा काटेको चोट रहेको, Scalp Fracture भएको र टाउकोको भागमा Heamatoma रहेको र मृत्युको कारणमा टाउकोमा लागेको चोटको कारण मृत्यु भएको Due to Head Injury भनी मृतकको शव परीक्षण प्रतिवेदनमा लेखाइदिएको, प्रहरीमा र वस्तुस्थिति मुचुल्कामा कागज गर्ने मानिसहरूले समेत यिनै प्रतिवादीले हानेको दाउको चोट प्रहारबाट मृतकको मृत्यु भएको हो भनी लेखाइदिएको पाइएबाट निज प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको साबिती बयानसमेतमाथि उल्लिखित एवं विवेचित अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित भएको पाइयो । तसर्थ माथि विवेचित मिसिल संलग्न आधार प्रमाणहरूको मूल्याङ्कनबाट यिनै प्रतिवादीले नै प्रहार गरेको दाउको चोटको प्रहारबाट मृतक बछलादेवीको मृत्यु भएको तथ्य पुष्टि हुँदा प्रतिवादी राजन भन्ने पदम सेढाईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको शुरू झापा जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६८।६।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादीले मृतकलाई मार्नेसम्मको मनसाय राखी इबि अदावत लिई पूर्वयोजना बनाई मृतकको हत्या गरेको नभई घरायसी व्यवहारका कुरा गर्दा मृतक आफ्नै हजुरआमाले आफूलाई गालीगलौज गरेकोले तत्काल उठेको रिसको कारणले आफ्नै घरको खाटमुनी रहेको फलामको दाउले प्रहार गर्दा मृतकको मृत्यु भएको देखिएको हुँदा सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्नजाने देखिँदा घटना घट्दाको अवस्था, परिस्थिति, प्रतिवादीको उमेरसमेतलाई मध्यनजर गर्दा अ.बं.१८८ नं बमोजिम निज प्रतिवादीलाई १० वर्षमात्र कैदको सजाय हुने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-०७०४, बाँकी रकम दिलाई भराईपाऊँ, *भाजुरत्न इञ्जिनीयरिङ एण्ड सेल्स लिमिटेड वि. गोविन्दप्रसाद श्रेष्ठ*

वादी दावीको रकम प्रतिवादीले विभिन्न ग्राहकहरूलाई उधारोमा दिएको हो भन्ने कुराको स्वीकारोक्ति वादीले नै गरेको देखिएको र उधारो दिएको सामानको रकम प्रतिवादीले ग्राहकबाट बुझिलिएकोले कुनै पनि निस्सा भर्पाई वादीले पेश दाखिल गर्न नसकेको स्थितिमा उधारो रकम असूल हुन नसकेकै कारणबाट कामदारले मासी खाएको भन्न सकिने अवस्था हुन सक्दैन । अतः प्रतिवादीले बाँकी नतिर्नेको ९ नं विपरीत कार्य गरेको भनी भन्न मिलेन । माथि उल्लेखित विवेचनाबाट उधारोमा बिक्री गरी असूलउपर हुन बाँकी रकम प्रतिवादीबाट दिलाई भराई पाऊँ भन्ने वादीको पुनरावेदन जिकीर कानूनसम्मत् नदेखिँदा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

इति संवत् २०७० साल कात्तिक २५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-१४५४, लेनदेन, *देवनारायण साह वि. कालीप्रसाद साह*

पुनरावेदक प्रतिवादीले साहुकी पत्नीलाई रकम

वुझाएको भन्ने भरपाई भए पनि पति र पत्नीबीच अंश मुद्दासमेत चलेको र परिवारको मुख्य भै पत्नीले नै कार्य नगरेको हुँदा मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं मा भएको उक्त कानूनी व्यवस्थाबमोजिम वादीको पत्नी सोमती देवीले गरिदिएको भर्पाईलाई घरको मुख्यले गरेको भनी कानूनतः मान्न मिल्ने नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

इति संवत् २०७० साल कात्तिक २५ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-०७०४, निषेधाज्ञा, *पुष्कर जोशी वि. कामनपा वडा नं. ३२ कालिकास्थान स्थित स्टेन्डर्ड पब्लिशर एन्ड डिस्ट्रिब्युटर प्रा.लि.*

निवेदन दावीमा निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भन्ने माग दावी रहेकोमा प्रकाशित भैसकेका पुस्तकहरू निवेदकले प्रस्तुत निवेदन दायर गर्नुभन्दा अघि नै विपक्षीबाट भूलसुधारतर्फ पत्रिकामा सूचना प्रकाशिन गर्ने कार्यसमेत भएको स्थितिमा निवेदकको मागबमोजिम प्रकाशित भैसकेको पुस्तकको सम्बन्धमा बिक्री वितरण गर्न नपाउने गरी निषेधाज्ञाको आदेश जारी भएमा पनि हाल आएर व्यवहारिकरूपमा सो आदेश निष्प्रयोजित एवं असान्दर्भिक हुने र सो आदेशको पालनासमेत हुन नसक्ने देखिँदा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

इति संवत् २०७० साल माघ २० गते रोज २ शुभम् ।

- ०६८-CI-०७०५, निषेधाज्ञा, *पुष्कर जोशी वि. का.म.न.पा. वडा नं. ३२ कालिकास्थान स्थित स्टेन्डर्ड पब्लिशर एन्ड डिस्ट्रिब्युटर प्रा.लि.*

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-१३३५, निषेधाज्ञा, *राजकुमार साह तेली वि. शोभाकुमारी यादवसमेत*

निवेदन जिकीरको रोड चैनलको सम्पूर्ण जग्गामा कुनै किसिमको नयाँ घर निर्माण नगराउनु, माटो पुर्नेलगायतका काम नगर्नु नगराउनु र निवेदिकालाई रोड चैनलको जग्गाबाट घरजग्गासम्म तथा सडकमा आवतजावतमा अवरोध नगर्नु, नगराउनु रोड चैनलको जग्गा यथास्थितिमा राख्नु भनी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।२।२३ मा भएको आदेशबाट निवेदकको आवतजावत गर्ने स्वतन्त्रताको रक्षा हुनुको साथसाथै पुनरावेदक प्रत्यर्थीको कुनै कानूनसम्मत् अधिकारमा आघात पुगेको देखिएको नहुनाले प्रत्यर्थीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटरः विश्वराज पौडेल

इति संवत् २०७० साल माघ २० गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-१३७०, निषेधाज्ञा, *सूर्यकलाकुमारी देवीसमेत वि. रामरतिदेवीसमेत*

निवेदकले निवेदनमा उठाइएको जग्गाहरूकै सम्बन्धमा हक बेहकको प्रश्न उपस्थित भई उक्त जग्गा खिचोला मुद्दा चलेको कारणबाट निवेदकको निवेदनमा आशङ्का गरेको स्थितिको विद्यमानता नदेखिएको र निवेदकलाई गैरकानूनीरूपले पक्राउ गर्नसक्ने सम्भावना पुनरावेदनमा व्यक्त गरे पनि सोसम्बन्धी कुनै विश्वासलायक आधार प्रस्तुत गर्न सकेको अवस्था नहुनुको साथै पुनरावेदक निवेदकलाई गैरकानूनीरूपले पक्राउ गर्ने भएमा सोको कानूनसम्मत् उपचार हुनसक्ने नै हुँदा निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटरः विश्वराज पोखेल

इति संवत् २०७० साल माघ २० गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०८०७, ०८०८, ०९९७, मानव बेचबिखन ओसारपसार, *अमर लामा तामाङ वि. नेपाल सरकार, वसन्ती लामा तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. अमर लामा तामाङसमेत*

प्रतिवादी अमर लामाले आफूहरू चारै जनालाई एउटै टेम्पोबाट पक्राउ गरेको भने तापनि जाहेरवालीहरूले सो कुरालाइ समर्थन गरेको अवस्था छैन । मौकामा कागज गरी अदालतमा समेत बकपत्र गर्ने फूलमाया तामाङ, कृष्ण राना मगरको कागज तथा बकपत्रसमेतबाट पुनरावेदक प्रतिवादी अमर लामा अगाडि नै रक्सौल गई सकेको भन्ने खुल्न आएबाट निजको अदालतमा भएको इन्कारी बयान पुष्टि हुन सकेको छैन । माथि उल्लेखित मिसिल संलग्न कागज प्रमाण एवं बुझिएका मानिसहरूको भनाइ समेतबाट अभियोग मागदावीबमोजिमको कसूरबाट सफाइ पाऊँ भन्ने प्रतिवादी अमर लामा तामाङको पुनरावेदन जिकीर खण्डित हुन गएको देखियो । तसर्थ अभियोग माग दावीबमोजिमको कसूरबाट सफाइ पाऊँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने स्थिति देखिएन । निजले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसूर गर्ने उद्योग गरेको देखिने ।

प्रतिवादी वसन्ती लामा तामाङले अमर लामा तामाङको मतियार ठहराई सजाय गर्ने गरेको फैसला नमिली अभियोग मागदावी बमोजिम कसूरबाट सफाइ पाउनुपर्छ भनी लिएको पुनरावेदन जिकीरतर्फ विचार गर्दा प्रतिवादी वसन्ती लामा तामाङ अभियोग मागदावी बमोजिमको कसूरको योजना बनाउनेलगायतको शुरूदेखिको कार्यमा संलग्न नभई सहप्रतिवादी अमर लामाले पीडितहरूलाई पोखराबाट हेटौंडा पुर्‍याइसकेपछि हेटौंडाबाट वीरगंज र वीरगंजबाट रक्सौल पुर्‍याउनसम्म सहयोग मागेबमोजिम लिएर जान खोज्दा नेपाल सरहदभित्रबाट पक्राउ परेको पुष्टि हुन आएकोले निज मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसूरको मतियारसम्म रहेको देखिने ।

प्रतिवादीहरू अमर लामा तामाङ र वसन्ती लामा तामाङले पीडितलाई बेच्ने उद्देश्यले विदेश पुर्‍याई नसकेको, नेपाल सरहदभित्र पक्राउ परेको अवस्थामा अभियोगपत्र मागदावीबमोजिम मानव बेचबिखन तथा ओसारपसार(नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम सजाय गरेको शुरू पर्सा जिल्ला अदालतको मिति २०६६/८/२९ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी अमर लामाले उपरोक्त ऐनको दफा ४(२)(क) को कसूर गर्ने उद्योगसम्म गरेको देखिँदा ऐ.को दफा १५(१)(ज) बमोजिम ७ वर्ष ६ महिना कैद र रु. ५०,०००।- जरीवाना र पुनरावेदक प्रतिवादी वसन्ती लामा उपरोक्त कसूरमा मतियारसम्म देखिएकोले निजलाई सोही दफाबमोजिम ६ वर्ष कैद र रु. ४०,०००।- जरीवाना हुने ठहराई मिति २०६७/६/१९ मा पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल कात्तिक २७ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-०८०५, अंश छुट्याई पाऊँ, *काशीप्रसाद कर्माचार्य वि. नारायणप्रसाद कर्माचार्यसमेत*

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २१ किनं २१८१ को घरजग्गा मिति २०४२।३।३१ र.नं. ११४९३ मा पूर्णकुमारी श्रेष्ठबाट नारायणप्रसाद कर्माचार्य र निर्मलप्रसाद कर्माचार्यले रिझगुणबापत हालैको

बकसपत्रबाट प्राप्त गरेको देखिएको र सो बकसपत्रहरूको कैफियतमा उक्त घरजग्गाहरू निर्मलप्रसाद कर्माचार्यसमेतलाई रिझगुणबापत हालैको बकसपत्र पारीत गरिदिए भन्ने उल्लेख भएकोसमेत देखिन्छ ।उल्लिखित जग्गाहरू आफ्नो पैतृक अंश पाउने अंशियारभन्दा बाहिरका व्यक्तिहरूबाट बकस पाएको देखिँदा उक्त कित्ता नम्बरका जग्गाहरूबाट वादीले अंश छुट्याई लिन नपाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल फागुन २७ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-CI-०२५२, निषेधाज्ञा, *धर्मेन्द्रप्रसाद यादवसमेत वि. सर्युग साह कानू*

साविकदेखिको कुलोलाई नयाँ बनाउन लागेको भन्ने झूट्टा व्यहोरा बनाई अदालतसमेतलाई सत्यतथ्य ढाँटी विपक्षी निवेदकले निषेधाज्ञाको आदेश जारी गर्न माग गरेको देखिन्छ । उक्त कुलो निर्विवादरूपमा मर्मत गर्ने र कुलोको माध्यमबाट सिंचाईको कार्य गर्ने कार्यलाई सुचारू गर्नु त्यस नहरका आम उपभोक्ता कृषकहरूको सुविधासमेतलाई हेर्दा उपयुक्त नै देखिन आउँछ । रौतहट जिल्ला लक्ष्मीनीया गाविसअन्तर्गतको विजयपुरदेखि मर्यादापुर गाविस वाड नं ९ को चिरचिरयासम्मको ११ किमि ३०० मिटर लामो कुलो २०३३ सालमा तयार भै सोही सालदेखि नै उक्त कुलोबाट धेरै क्षेत्र सिञ्चित हुँदै आएको अवस्थामा हाल आएर सिंचाई एवं मर्मत कार्य रोक्नु न्यायोचित देखिँदैन । अतः माथि विवेचित आधार एवं कारणहरू समेतबाट प्रस्तुत मुद्दामा पुनरावेदकको पुनरावेदन जिकीर पुग्ने देखिन्छ । प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।१२।९ मा जारी भएको निषेधाज्ञाको आदेश मिलेको नदेखिँदा उल्टी भई बदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे गिरी

इति सवत् २०७० साल पुस १ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CR-०६७४, ०२४०, ००२२, आफ्नो जिम्मामा रहेको सरकारी हातहतियार खरखजाना बेचबिखन गरेको, *महेन्द्रविक्रम शाहसमेत वि. नेपाल सरकार, जीतेन्द्रप्रसाद सिंह वि. नेपाल सरकार, नेपाल सरकार वि. देवीप्रसाद तिमिल्सिना*

बरामद भएको गोलीगठ्ठाहरू अन्य प्रतिवादीहरूसँग मिली भारतीय नागरिक वीरेन्द्र यादवलाई २०६४।७।१ मा बेच्न भनी आफ्नो कोठामा राखेको भनी प्रतिवादी जीतेन्द्रप्रसाद सिंहले अनुसन्धानको क्रममा बयान गरी अन्य प्रतिवादीहरूलाई पोल गरेको देखिन्छ । अन्य प्रतिवादीहरू भीमबहादुर खड्का र महेन्द्रविक्रम शाहले पनि बरामद भएको गोलीहरू बिक्री गर्ने उद्देश्यले राखेको भनी अनुसन्धानको क्रममा बयान गरेको देखियो । प्रतिवादी जीतेन्द्रप्रसाद सिंह, भीमबहादुर खड्का र महेन्द्रविक्रम शाहले शुरू सशस्त्र प्रहरी विशेष अदालतमा बयान गर्दा पनि आफ्नो अनुसन्धानको क्रममा भएको बयानलाई पुष्टि हुने गरी बयान गरेको देखिन्छ । प्रतिवादीहरूले अनुसन्धानको क्रममा र अदालतमा समेत एक अर्कालाई पोल गर्दै आरोपित कसूरमा साबित भई बयान गरेको देखिएको छ उक्त बयानमा व्यक्त भएको तथ्यलाई बरामदी मुचुल्का र वादी पक्षका साक्षी प्रतिवेदक शान्तिराम थापासमेतको बकपत्रले पुष्टि गरेको देखिँदा प्रतिवादीहरूलाई

सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१) (ग) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको शुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको २०६६।८।९ को फैसला मिलेकै देखिँदा अन्यथा परिवर्तन गरिरहन परेन । उक्त फैसला सदर हुने । पुनरावेदन नगर्ने प्रतिवादी देवीप्रसाद तिमिल्सिनाको हकमा साधक सदर हुने । प्रतिवादीहरूले सरकारी गोलीगठ्ठा बिक्रि गर्ने योजना र तयारीसमेत गरेको देखिएपनि बिक्रि गरिसकेको अवस्था नहुँदा ऐनबमोजिमको सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं.१८८ नं. बमोजिम प्रतिवादीहरू महेन्द्रविक्रम शाह, भिमबहादुर खड्का, जितेन्द्रप्रसाद सिंहलाई ५(पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः भाष्कर पगेनी

इति संवत् २०७० साल साउन ३० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-CI-०७८६, मोहियानी, *उमाकान्त सापकोटा वि. मालपोत कार्यालय, बाग्लुङ*

अदालतले मुद्दाको औचित्य वा तथ्यभित्र प्रवेश गर्नुअगाडि विचार गर्नुपर्ने अहम् कानूनी प्रश्नहरू जस्तो हदम्याद, हकदैया तथा क्षेत्राधिकारको प्रश्नमा विचार गर्नुपर्ने नै हुन्छ । यीमध्ये कुनै एकको अभाव रहेको स्थितिमा इन्साफ गर्न नमिल्ने ।

मोही कायम गर्ने वा नगर्ने विषयमा निर्णय गर्ने साधिकार निकाय भूमिसुधार कार्यालयमा रहे भएको अवस्थामा मोही कायम सम्बन्धमा क्षेत्राधिकार ग्रहण गरी मोही कायम हुने ठहर्‍याएको शुरू बाग्लुङ जिल्ला अदालतको फैसला बदर गरी क्षेत्राधिकारको अभावमा वादीको फिराद अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, बाग्लुङको फैसला मिलेकै देखिँदा सो सदर हुने ठहर्छ । वादीको प्रस्तुत पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः शकुन्तला कार्की

इति सवत् २०७० साल असार २१ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WO-०३३१, उत्प्रेषण परमादेश, *डा. भुपेन्द्रप्रसाद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले निमित्त भई कार्य गरिआएको नेपाल खानेपानी संस्थानको महाप्रबन्धकको पदमा मिति २०७०।२।१६ को निर्णयबाट अर्जुनबाबु ढकालको नियुक्ति भइसकेको र उक्त नियुक्ति सार्वजनिक संस्थान निर्देशन बोर्डबाट कार्यसम्पादनमा आधारित सम्झौताको अनुगमन हुने भन्ने उल्लेख भइरहेको अवस्थामा निवेदकले निमित्त भै कामकाज गर्न आफूले पाउनुपर्ने भन्ने दावी रहेको प्रस्तुत रिट निवेदन जिकीरको कुनै औचित्य नरहने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः तीर्थ भट्टराई

इति संवत् २०७० साल मङ्सिर १६ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६९-WO-०४१५, उत्प्रेषण परमादेशसमेत, *डा. भुपेन्द्रप्रसाद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०४३७, उत्प्रेषण परमादेश, *जीवनराज कँडेलसमेत वि. वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत*

निवेदकलाई दिएको नियुक्ति मिति २०६७।१०।२७ बाट तोकिएको दुई वर्षको अवधिसमेत व्यतीत भइसकेको अवस्थामा नेपाल सरकारले निवेदकहरूलाई पदमुक्त गर्ने गरी गरेको मिति २०६८।८।१ को निर्णयलाई अन्यथा गर्नुपर्ने अवस्था देखिएन । यस्तो

अवस्थामा निवेदन मागबमोजिमको रिट जारी गर्न औचित्यपूर्ण हुनेसमेत नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः तीर्थ भट्टराई

इति संवत् २०७० साल मङ्सिर १६ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०५१८, उत्प्रेषण परमादेश, *पूर्णप्रसाद पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नगर विकास ऐन, २०४५ मा समितिको अध्यक्ष तथा मनोनीत सदस्यहरूको पदावधि किटान नगरी नेपाल राजपत्रमा तोकेबमोजिम हुने व्यवस्था गरेको र सोबमोजिम अध्यक्ष तथा सदस्यहरूको पदावधि बढीमा दुई वर्ष रहेको तथ्यमा कुनै विवाद देखिँदैन । यसरी दुई वर्ष पदावधि रहेको पदमा नियुक्त पदाधिकारी तथा सदस्यको पदावधि निजहरू नियुक्त भएको मितिले २ वर्षभन्दा बढी हुन नसक्ने र रिट निवेदकहरूलाई नेपाल सरकार मन्त्रिस्तरको मिति २०६८।०२।०२ को निर्णयबमोजिम ईश्वरभक्त सुनार र पूर्णप्रसाद गौतमलाई क्रमशः सुर्खेत नगर विकास समितिको अध्यक्ष तथा सदस्य पदमा कार्यरत् रहिरहेको अवस्थामा नेपाल सरकार मन्त्रिस्तरको निर्णयले निजहरूको स्थानमा राजेश जोशी गौतमलाई अध्यक्ष र सदस्यको पदहरूमा समेत अन्य व्यक्तिलाई नै चयन गरी रिट निवेदकहरूलाई अवकाश दिएको भन्ने व्यहोराको भौतिक योजना तथा निर्माण मन्त्रालयको च. नं. १७६ मिति २०६८।७।३ को मनोनयन पत्रको व्यहोराबाट देखिन्छ । यसरी बढीमा भनी नियुक्ति दिएको तथा पत्रद्वारा पदावधि तोकी नियुक्ति भएको भए तापनि सुनुवाइको अवसरबाट बञ्चित गराएको भन्ने निवेदन जिकीरतर्फ हेर्दा निवेदकको निवेदनउपर प्रथम सुनुवाइ भएको अवस्थामा यस अदालत एक न्यायाधीशको इजलासबाट प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकलाई अवकाश दिने गरी भएको निर्णय कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेश जारी भएकोमा उक्त आदेश निजको पदावधि रहेसम्म वा दुई वर्षसम्म कायम रहिरहेको अवस्था देखिन्छ । यसरी प्रस्तुत मुद्दा फैसला भएको अवस्थासम्म निज आफ्नो पदमा कायम रहिरहेको र निजलाई उक्त पदमा रहन तोकिएको पदावधि दुई वर्षसमेत समाप्त भैसकेको अवस्था हुँदा निवेदकहरूले निजलाई तोकिएको पूर्ण अवधि तोकिएको पदमा कार्यरत् रही हाल तोकिएको पदावधि समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ । साथै रिट निवेदन खारेज हुने ठहरेको हुँदा यस अदालतको एक न्यायाधीशको इजलासबाट २०६८।९।७ गते जारी भएको अन्तरिम आदेशसमेत स्वतः निस्क्रिय हुने ।

इजलास अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल मङ्सिर १६ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-१२३५, उत्प्रेषण परमादेश, *गणेशबहादुर सिंह वि. मन्त्रिपरिषद्को सचिवालयसमेत*

खप्तड क्षेत्र पर्यटन विकास समितिको कार्यकारी निर्देशकको पदमा रहेका निवेदक गणेशबहादुर सिंह मिति २०६६।६।३० गते नियुक्त भएको र प्रस्तुत मुद्दा पेश भएको मितिसम्म निजलाई तोकिएको ४ वर्षको पदावधिसमेत भुक्तान भैसकेको देखिँदा निवेदन मागबमोजिम रिट जारी हुनसक्ने अवस्था देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः तीर्थ भट्टराई

इति संवत् २०७० साल मङ्सिर १६ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६८-WO-०१२८, उत्प्रेषण परमादेश, *गणेशबहादुर सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को*

*कार्यालयसमेत* भएको मुद्दामा पनि यसैबमोजिमको आदेश भएको छ ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा श्री भरतबहादुर कार्की,** ०७०-RC-००१५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खड्गबहादुर बुढाथोकी*

प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादीको साबिती बयान, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, वारदातमा प्रयोग भएको बरामद फलामको कोदालो, मौकामा कागज गर्ने टोपेन्द्र बुढाथोकीको बकपत्र तथा मेघबहादुर बाठासमेतले गरिदिएको घटना विवरण कागजसमेतबाट प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि हुन आएकोले सोसमेतको आधार प्रमाणबाट प्रतिवादी खड्गबहादुर बुढाथोकीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कसूरमा ऐ. को १३(३) नं बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

इति संवत् २०७० साल फागुन ३० गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा श्री भरतबहादुर कार्की,** ०७०-RC-००१७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.विक्रम भन्ने विष्णु खत्री*

प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादीको अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष भएको साबिती बयान व्यहोरा, मौकामा कागज गर्ने व्यक्तिहरूको भनाई एवं खानतलासी तथा बरामदी मुचुल्कासमेतबाट मृतकसँग उधारोमा लिएको स्टेसनरी सामानको पैसा दिन नपरोस् भनी योजनासमेत बनाई कर्तव्य गरी मारेको तथ्य निः सन्देहरूपमा पुष्टि भएको देखिँदा सोसमेतको आधार कारणबाट प्रतिवादी विक्रम भन्ने विष्णु खत्रीलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।११।२३ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन ३० गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा श्री भरतबहादुर कार्की,** ०७०-RC-००३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि.कृष्णखर शर्मा*

प्रतिवादीले आफ्नै भाउजु नाताकी मृतक दुर्गा शर्मालाई मारी भीरबाट खसाली दिएको तथ्यमा साबित भै अधिकारप्राप्त अधिकारी एवं अदालतमा गरेको बयान व्यहोरालाई लास प्रकृति मुचुल्का, लास जाँच प्रतिवेदन, मौकामा कागज गर्ने मानिसहरूको भनाईसमेतले निर्विवादरूपमा पुष्टि गरिरहेको अवस्था देखिँदा सोसमेतका आधार प्रमाणबाट प्रतिवादी कृष्णखर शर्मा अभियोग मागदावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूर अपराधमा ऐ. को १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन ३० गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा श्री भरतबहादुर कार्की,** ०७०-RC-००६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. इन्द्रलाल सरदार*

घटनास्थल एवं वस्तुस्थिति मुचुल्का, मृतकको लास जाँच प्रतिवेदन एवं वस्तस्थिति मुचुल्काका मानिस सीयावतीदेवी सरदार, घटनास्थल मुचुल्काकी मानिस भुन्टी सरदार, जाहेरवाला सुदीलाल सरदार र घटना विवरण कागज गर्ने सूर्य सरदारले अदालतसमक्ष गरेको बकपत्रसमेतबाट निज प्रतिवादी इन्द्रलाल सरदारले अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष गरेको साबिती बयान व्यहोरालाई निर्विवादरूपमा

संपुष्टि गरेको अवस्था मिसल संलग्न प्रमाण कागजातहरूबाट देखिँदा प्रतिवादी इन्द्रलाल सरदारलाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसूरमा ऐ. को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः हरिकृष्ण श्रेष्ठ

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल फागुन ३० गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६७-CR-०६७१, ११०७, ०००४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सन्तोषकुमार महतो सुडीसमेत, अनेककुमार महतो सुडी वि. नेपाल सरकार, नेपाल सरकार वि. रामनारायण सुडीसमेत*

मृतक लासको दायाँ तिघ्रामा ४$\frac{1}{2}$ इन्च बायाँ तिघ्रामा चार इन्च गोलाई सुनिएको नीलडाम दायाँ मुद्दामा १$\frac{1}{2}$ इन्च सुनिएको नजिकै अर्को १$\frac{1}{2}$ इन्च सुनिएको डाम देखिएको, दायाँ घुँडादेखि दुई इन्च तल २/२ इन्चको दुईवटा नीलडाम रहेको भन्नेसमेतको लास प्रकृति मुचुल्का देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा Multiple injuries to the body with intestinal perforation leading to shock haemorrhage and death भन्ने उल्लेख भएको पाइन्छ । मौकाको लास प्रकृति मुचुल्का र शवपरीक्षण प्रतिवेदनसमेतबाट मृतक परीदेवीको शरीरमा विभिन्न भागमा प्रहार गरिएका साङ्घातिक घाउचोट देखिएकोले मृतक परीदेवी आफैं झुण्डी मरेकी हुन् भन्ने अदालतसमक्षको प्रतिवादीहरू रामनारायण महतो सुडी र मलेखुदेवीको बयान उपरोक्त घाउचोटसमेतबाट खण्डित हुने ।

प्रतिवादीहरूमध्ये रामनारायण महतोले मृतक परीदेवीलाई ढोकाको गजबारले शरीरका विभिन्न भागमा पटकपटक हिर्काएको र प्रतिवादीहरू मलेखुदेवी र अनेककुमारले मृतकलाई प्रतिवादी रामनारायणले कुटपीट गरेको समयमा मुख थुनी समाई दिएको एवं कुटपीटसमेत गरेको भनी आफू कसूरमा साबिती भई अन्य प्रतिवादी अनेककुमार र मलेखुदेवीलाई पोल गरी गरेको बयानलाई घटनाका प्रत्यक्षदर्शी रूवीकुमारीको मौकाको कागज एवं निजको अदालतको बकपत्र, शवपरीक्षण प्रतिवेदन, लासजाँच मुचुल्कासमेतका मिसिल संलग्न प्रमाणबाट पुष्टि हुने ।

शुरू सर्लाही जिल्ला अदालतले प्रतिवादी रामनारायण महतोलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद प्रतिवादी मलखुदेवी महतो र अनेककुमार महतोलाई सोही १३(३) नं. बमोजिम एक वर्ष छ महिना कैदको सजाय र प्रतिवादी नागेन्द्रदास कथनियालाई सोही १७(३) नं. बमोजिम दुई वर्ष कैदको सजाय गर्ने गरी मिति २०६२।५।७ मा गरेको फैसला सदर हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।१।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

इति सवत् २०७० साल माघ २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-०९४३, उत्प्रेषण, *रामसेवक राय वि. जिल्ला विकास समितिको कार्यालय, सर्लाहीसमेत*

पहिलेदेखि नै विद्यालय आफैंले पोखरीको सञ्चालन ठेक्का लगाएको र त्यसबाट प्राप्त हुने प्राय आय सामुदायिक हितमै खर्च गरेको देखिन्छ । पोखरीको सञ्चालनमा कुनै आर्थिक अनियमितता भएमा त्यसउपर साधारण क्षेत्राधिकारबाट नै उपचारमा जानसक्ने अवस्था हुँदा निवेदन मागबमोजिमको यस अदालतको असाधारण क्षेत्राधिकार आकर्षित भई आदेश जारी गर्न मिल्ने

नदेखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७० साल भदौ १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-१०९३, उत्प्रेषण, *निरबहादुर के.सी. वि. मालपोत कार्यालय, सर्लाहीसमेत*

सर्वोच्च अदालतबाट भएको परमादेशको आदेशबमोजिम दुबै पक्षलाई बुझी निर्णय गर्ने क्रममा मालपोत कार्यालयबाट विपक्षी रामप्रसाद उप्रेतीको नाउँमा म्याद तामेल गर्दा अ.बं. ११०(१) नं. मा उल्लेख भएबमोजिमको प्रक्रिया पूरा भएको नदेखिँदा पुनरावेदन अदालत, जनकपुरले अ.बं. १७ नं. अन्तर्गत दायर भएको निवेदनमा उक्त म्यादलाई बदर गरी अ.बं.२०८ नं बमोजिम प्रतिउत्तर पत्र लिई दर्ता गरी कानूनबमोजिम गर्नु भनी आदेश भएको हुँदा सोही आदेशबमोजिम प्रतिउत्तर दर्ता गरी नक्सा संशोधन मुद्दा मालपोत कार्यालयमा विचाराधीन रहेको देखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
इति संवत् २०७० साल भदौ १९ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-१२२१, उत्प्रेषण, *दिनेश चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले रिट निवेदनमा उठाउनु भएको सार्वजनिक यातायातको भाडादरको सम्बन्धमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा यातायात व्यवस्था नियमावली, २०५४ ले स्पष्टरूपमा सम्बोधन गरेको छ । नेपाल प्रहरीअन्तर्गत ट्राफिक प्रहरीले समेत कानूनबमोजिम यातायात व्यवस्थापनमा कार्य गर्दैआएको अवस्थामा निवेदकले यातायात क्षेत्रमा रहेका आफ्ना गुनासाहरूलाई सम्बन्धित ट्राफिक प्रहरी कार्यालयमा जाहेर गरी आवश्यक कानूनी उपचार प्राप्त गर्नसक्ने नै अवस्था देखिँदा रिट निवेदनमा उठाएका नीतिगत कुराहरूको विषयमा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित नहुने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७० साल भदौ १९ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-१२२९, उत्प्रेषण, *चिरञ्जीवी अधिकारी वि. राजस्व अनुसन्धान विभागसमेत*

काठमाडौं जिल्ला अदालतबाट म्याद जारी भई तामेल गर्दा रिट निवेदक र निजको एकाघरका उमेर पुगेका परिवारका सदस्यहरू फेला नपरेको हुँदा निजको घरदैलोमा कानूनबमोजिमको रीत पुर्‍याई म्याद टाँस गरेको र उक्त म्याद टाँस गर्दा बुधसिँ गाविसका अध्यक्षसमेत रोहबरमा बसी एकप्रति म्याद निजले नै बुझी लगेको व्यहोरासहितको म्याद तामेली प्रतिवेदन रहेको देखिन्छ । उक्त तामेल भएको म्यादको कानूनी रीत हेर्दा कानूनबमोजिमको रीत पुर्‍याई तामेल गरेको देखिन्छ । रिट निवेदनको आफ्नो हातैमा म्याद नबुझेको कारणले मात्र अदालतले रीत पुर्‍याई गरेको म्याद तामेलीलाई अन्यथा भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः यज्ञप्रसाद आचार्य
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७० साल भदौ १९ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९-WH-००७६, बन्दीप्रत्यक्षीकरण, *चिरञ्जीवी अधिकारी वि. राजस्व अनुसन्धान विभागसमेत*
- ०६९-WO-१२३०, उत्प्रेषण, *चिरञ्जीवी अधिकारी वि. राजस्व अनुसन्धान विभागसमेत*

६

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-००७६, ०३२८, निषेधाज्ञा परमादेश, *जिल्ला विकास समितिको कार्यालय, राजविराज सप्तरीसमेत वि. ललितनारायण झा, ललितनारायण झा वि. जिल्ला विकास समितिको कार्यालय, राजविराज सप्तरीसमेत*

सम्झौताबमोजिम छूट मिन्हा पाउने वा नपाउने भन्ने निर्णय गर्नुपर्ने दायित्व रहेको जिल्ला विकास समितिले आफूसमक्ष कानूनबमोजिम निवेदन पर्न आएपछि समयमै निर्णय गर्नुपर्ने दायित्व रहेको सार्वजनिक जवाफदेहीको पदमा आसिन व्यक्ति वा निकायले कानूनबमोजिम निर्णय गर्नुपर्नेमा सो नगरी छानबिन समितिले दिएको प्रतिवेदन पेश गरिदिएको भनी निर्णय गर्नुपर्ने दायित्वबाट उम्किन मिल्ने सिद्धान्ततः देखिँदैन । यसरी छूट मिन्हा निवेदनमा कानूनबमोजिम यथाशीघ्र निर्णय गर्नु भनी विपक्षी जिल्ला विकास समिति र सो कार्यालयमा स्थानीय विकास अधिकारीका नाउँमा परमादेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको आदेश मिलेकै देखिने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

इति संवत् २०७० साल असोज १७ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-०८८७, निषेधाज्ञा, *बिमला मानन्धर वि. कमला अधिकारीसमेत*

दावीबमोजिम निवेदकको जग्गा कब्जा गरी मिचिएको वा खिचोला गरेको भए प्रस्तुत निषेधाज्ञाको निवेदनबाट निक्यौंल हुनसक्ने हुँदैन । कि.नं. १११ को चार आना घर जग्गामा नक्सापाससमेत गरी घर निर्माण भइसकेको भनी विपक्षीको लिखित जवाफबाट देखिँदा निवेदकको कि.नं. ३३ को जग्गामा घर निर्माण गर्ने आशङ्का भयो भन्नु सरासर गलत हुन जाने हुँदा निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।२।१९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः मो. अख्तर अली

इति संवत् २०७० साल असोज १७ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६७-CR-०७७०, अदालतको अपहेलना, *बिमला मानन्धर वि. कमला अधिकारीसमेत,* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएका छन् ।

८

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०५५६, उत्प्रेषण परमादेश, *जनार्दनप्रसाद शर्मा पाण्डे वि. मालपोत कार्यालय, नुवाकोटसमेत*

मालपोत कार्यालय, नुवाकोटले गरेको निर्णयउपर पुनरावेदन अदालत, पाटनमा पुनरावेदन दायर गरी इन्साफ माग गर्नुपर्नेमा सो नगरी यी पुनरावेदकले रिट क्षेत्राधिकारमा प्रवेश गरी उपचार माग गरेको देखियो । यसप्रकार वैकल्पिक कानूनी उपचारको विद्यमानता रहेको अवस्थामा रिट क्षेत्राधिकारमा प्रवेश गरी दायर हुन आएको प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः लोकराज पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

९

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-RC-००५५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दुर्गा भन्ने दुर्गाप्रसाद मास्वा लिम्बूसमेत*

प्रतिवादीहरू दुर्गाप्रसाद लिम्बू र देउप्रसाद चोङवाङ लिम्बूले बाँसको लौरो र भाटासमेतले मृतक बुद्धकुमार मास्वा लिम्बूलाई कुटपीट कर्तव्य गरी मारेको भनी वारदात कसूरमा संलग्न भएको कुरा अन्य सहअभियुक्तहरू शर्णबहादुर वि.क., निङतेम्बा शेर्पा, काजीमान बनेमको शुरू अदालतसमक्ष भएको बयानमा परस्परको साबिती पोल गरेका र सो पोललाई मृतक बृद्धकुमार मास्वाको लासजाँच प्रतिवेदनसमेतबाट

समर्थित भैरहेको देखिन्छ । मौकाको किटानी जाहेरी, घटनास्थल तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूको कागजसमेतबाट वारदातमा संलग्न रहे भएका यी प्रतिवादीहरूले नै मृतकलाई मरणासन्न हुने गरी कुटपीट गरेको तथ्य पुष्टि भएकाले प्रतिवादीहरू दुर्गे भन्ने दुर्गाप्रसाद (मास्व) लिम्बू र आशबहादुर भन्ने देउप्रसाद चोङबाङ लिम्बूले आरोपित कसूर गरेको ठहर्‍याई निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर्‍याएको शुरू ताप्लेजुङ जिल्ला अदालतको फैसला साधकको रोहबाट केही उल्टी गरी निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०७०।२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकराज पराजुली

इति संवत् २०७० साल फागुन १६ गते रोज ६ शुभम् ।

१०

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०४०९, निषेधाज्ञा परमादेश, *रामबाबु मण्डल वि. दुर्गाकुमारी साह*

सार्वजनिक बाटोमा धर्मशालाको नाउँमा घर निर्माण हुनसक्ने आशङ्का देखिएको हुँदा मागबमोजिम निवेदकको जग्गासँग जोडिएको सार्वजनिक बाटोमा घर नबनाउनु भनी विपक्षीका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।७।२७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः लोकराज पराजुली

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

११

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-Ci-०३९५, निषेधाज्ञा, *अर्जुन सिंह सिजापति वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

आफूले परापूर्वदेखि भोगचलन गर्दै आएको जग्गामा रहेको मन्दिरलाई कटाई कि.नं. ४० मा समावेश नगरी सार्वजनिक कायम गरेतर्फ भूमिसुधार मन्त्रालय, सिंहदरबारसमेतलाई विपक्षी बनाई दूषित नापी बदर गरी खिचोला मेटाई निकास बाटो खुलाइपाऊँ भन्ने मुद्दा लिई बाँके जिल्ला अदालतमा प्रवेश गरेको पुनरावेदक/निवेदकको कथन हुँदा निषेधाज्ञाको माध्यमले तल्लो अदालतको विचाराधीन मुद्दालाई प्रभाव पर्ने गरी माथिल्लो अदालतले केही नबोल्ने हुँदा निषेधाज्ञाको आदेश जारी नहुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगंजको मिति २०६८।१२।२९ को आदेश मिलेकै देखिने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

१२

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०७४१, उत्प्रेषणयुक्त परमादेश, *श्रीमान् बस्नेतसमेत वि. हरिहर ढकाल*

विद्यालय व्यवस्थापन समितिले मिति २०६८।१०।१० मा भगवती उच्च मा.वि. को अस्थायी मा.वि. शिक्षक पदमा कार्यरत् श्रीमान् बस्नेतलाई निमित्त प्रधानाध्यापक पदमा नियुक्त गर्दा शिक्षा नियमावली, २०५९ को नियम ९३ प्रतिकूल हुने गरी निमित्त प्रधानाध्यापक पदमा नियुक्त गरेको देखिन आयो । कानूनी व्यवस्थाप्रतिकूल हुने गरी पुनरावेदकमध्येका श्रीमान् बस्नेतलाई निमित्त प्रधानाध्यापकमा नियुक्त गरेको विद्यालय व्यवस्थापन समितिको निर्णय उत्प्रेषणको आदेशबाट बदर हुने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल फागुन १९ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०७०-WH-००३१, बन्दीप्रत्यक्षीकरण, *बिर्खबहादुर श्रेष्ठ र प्रताप*

*तामाङको हकमा सोमबहादुर श्रेष्ठ वि. राष्ट्रिय निकुञ्ज विभागको कार्यालय, बबरमहलसमेत*

निवेदकहरूलाई अभियोग मागबमोजिम सजाय भएमा पनि दुईवर्ष कैद र दशहजार रूपैयाँ सजाय हुने देखिन्छ । निवेदकहरू मिति २०६९।५।३० देखि आजसम्म करीब एकवर्ष तीन महिना चौध दिन थुनामा रहेको देखियो साथै माग भएको कैद जरीवाना भुक्तान भएमा मुद्दा फैसला नभए पनि थुनाबाट मुक्त गरी दिनुपर्ने अ.बं. ११९ मा कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा अभियोग दावीबमोजिम कसूरको मात्राअनुसार प्रतिवादीलाई हुनसक्ने सजायको आधारमा विचार गरी निज निवेदक प्रतिवादीहरूलाई थुनामा बसेको अवधि कट्टा गरी बाँकी अवधिका हकमा कानूनबमोजिमका हिसाबले धरौट लिन कानून र न्यायसम्मत् हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल पुस १४ गते रोज १ शुभम् ।

## इजलास नं ७

**मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WO-०२५८, उत्प्रेषण, *देवीलाल पटेरी वि. मध्यक्षेत्र प्रहरी कार्यालय, मकवानपुर हेटौंडासमेत*

निवेदक देवीलाल पटेरीलाई तालिम केन्द्र भरतपुरमा तालिममा पठाएकोमा तालिममा सहभागी भै आफ्नो ठेकिएको दरबन्दीमा हाजिर हुनुपर्नेमा श्रीमती तथा आफू बिरामी परेको भन्ने विभिन्न झूट्टा बहाना बनाई आफूले गरेको गल्ती, कसूर गुमराहमा राखी कुनै सूचनाबेगर ३५ दिनसम्म कार्यालयमा गैरहाजिर रही आफ्नो कर्तव्य पालना नगरेकोले भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाएको मध्यक्षेत्र प्रहरी कार्यालय, हेटौंडाको प्रहरी उपरीक्षकको मिति २०६६।४।४ को निर्णयलाई पुनरावेदन सुनी मध्यक्षेत्र प्रहरी कार्यालय, हेटौंडाको प्रहरी नायब महानिरीक्षकबाट २०६८।४।१० मा भएको निर्णय त्रुटिपूर्ण नदेखिँदा उल्लिखित आधार, कारण एवं यस अदालतबाट उल्लिखित मुद्दामा प्रतिपादित नजीर सिद्धान्तसमेतबाट यी निवेदकलाई भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी मध्यक्षेत्र प्रहरी कार्यालय, हेटौंडाबाट भएको मिति २०६६।४।४ को निर्णयलाई सदर गरेको सोही कार्यालयका प्रहरी नायब महानिरीक्षकबाट भएको २०६८।४।१० को निर्णय कानूनअनुरूप देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः जवाहरप्रसाद सिंह

इति संवत् २०७० साल माघ १३ गते रोज २ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०७०-WO-०६०४, उत्प्रेषण, *अरूण मेडिकल सेन्टर प्रालि कामनपा वडा नं २९, सामाखुशी, काठमाडौंसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले माग गरेको दावी र विषयवस्तुका सम्बन्धमा यिनै निवेदकले २०७०-WS-०००४, को रिट दायर गरी अदालतमा विचाराधीन रहेकोले सो रिट निवेदनको निर्णय हुँदा प्रस्तुत विवादको निरूपण हुनसक्ने नै हुँदा निवेदक सफा हात नलिई र तथ्य लुकाई आएकोसमेत देखिएबाट प्रस्तुत रिट निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

इति संवत् २०७० साल फागुन २० गते रोज ३ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WO-०७६२, उत्प्रेषण, *देवीप्रसाद बराल वि. खाद्य संस्थान केन्द्रीय कार्यालय, भद्रकाली काठमाडौंसमेत*

निवेदकलाई नेपाल सरकारको मिति २०७०।३।१३ को निर्णयअनुसार नेपाल खाद्य संस्थानको सञ्चालक समितिको सदस्य पदमा बढीमा २ वर्षको लागि नियुक्ति गरिएकोमा निजको सो अवधि समाप्त नहुँदै अवकाश दिनुपर्ने मनासिब माफिकको कारणसमेत नदेखाई सुनुवाइको मौकासमेत नदिई मिति २०७१।६।१६ को नेपाल सरकार (मन्त्रिस्तर) को निर्णय भनी अवकाश दिएको कुरा प्रथम दृष्टिले समेत कानून एवं न्यायको मान्य सिद्धान्तअनुसार भएको भन्न सकिने नदेखिनाले सुविधा सन्तुलन (Balance of Convenience) लाई ध्यानमा राखी नेपाल सरकारको मिति २०७१।१।१६ को निर्णय तत्कालको लागि कार्यान्वयन नगर्नु, निवेदकलाई पूर्ववत् कामकाजमा लगाउनु भनी निवेदकको मागबमोजिम अर्को आदेश नभएसम्मको लागि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल वैशाख २४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WO-०७६५, उत्प्रेषण, *कृष्णप्रसाद खड्गीसमेत वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

सकुन्तला शाही (खड्गी) घरको मुख्य भई काम गरेको नदेखिएको अवस्थामा लेनदेन व्यवहारको ८ र ९ नं. को व्यवस्थाअनुसार सगोलको सम्पत्तिबाट बेहोर्नुपर्ने ऋण नदेखिएकोले निवेदकमध्येकी वर्ष ८२ की वृद्धा प्राणमाया खड्गीका नामको निवेदनमा उल्लिखित सम्पत्ति अर्को आदेश नभएसम्मको लागि लिलाम नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल वैशाख २४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७१-WO-०७३५, उत्प्रेषण परमादेश, *रोहितराज साहसमेत वि. त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद् कीर्तिपुरसमेत*

निवेदकलाई किस्ट मेडिकल कलेजले मिति २०७०।१।८ मा जानकारी गराएकोबारे लेखेको पत्र र चिकित्सा शास्त्र अध्ययन संस्थान, महाराजगंज, काठमाडौंलाई मिति २०७०।१२।२३ मा सोही मेडिकल कलेजले लेखेको पत्रअनुसार निवेदक किस्ट मेडिकल कलेजको नियमित छात्र रहेको देखिनाले अर्को आदेश नभएसम्मको लागि सुविधा सन्तुलनको दृष्टिले निवेदकलाई प्रथम वर्षको पुनः परीक्षामा सामेल हुने गरी फाराम भर्ने एवं परीक्षामा सामेल हुनेलगायतका सबै कार्य गर्ने गराउनेबाट बञ्चित नगर्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ अनुसार अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल वैशाख १४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की,** ०७१-WO-०७४०, उत्प्रेषण परमादेश, *खिमबहादुर बि.क.समेत वि. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति (गठन) आदेश, २०५४ को दफा ३ को उपदफा (३) मा मनोनीत सदस्यहरूको पदावधि चारवर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् भनी उल्लेख गरेको हुँदा र उपदफा ४ मा श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूलाई आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ भन्ने व्यवस्था भएकोमा र निवेदकहरूलाई मिति २०७१।१।४ मा निष्काशन गर्ने निर्णयपूर्व

निवेदकसँग स्पष्टीकरणसमेत नसोधी प्राकृतिक न्यायको सिद्धान्तविपरीत मिति २०७१।१।७ मा पदबाट निष्काशन गर्ने पत्र दिएकोबाट र त्यस्तो निष्काशन गर्दा राजपत्रमा सूचना प्रकाशन गर्नुपर्नेमा सोसमेतको कार्यविधि पूरा नगरी बिनाआधार कारण निष्काशन गरिएको भन्ने माग रहेको हुँदा यो निवेदनको अन्तिम किनारा नभएसम्म निजहरूलाई उक्त पदमा यथास्थितिमा राखी कार्य गर्न गराउन दिनु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल वैशाख १५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की,** ०७१-WO-०७३८, उत्प्रेषण, *शान्ति प्रधान वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

निवेदकको नाममा विवादित क्षे.फ. ०-०-१-३ को जग्गा कायम रही निवेदकको पूर्जामा समेत कायम रहेको अवस्थामा निवेदकलाई बुझ्दै नबुझी प्राकृतिक न्यायको सिद्धान्तविपरीत विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०।१२।९ को निर्णयबाट सार्वजनिक कायम गर्ने गरी विपक्षी मालपोत कार्यालय, डिल्लीबजारसमेतलाई गरेको पत्राचारसमेतको कामकारवाहीले निवेदकलाई अपूरणीय क्षति हुने हुँदा यो निवेदनको अन्तिम किनारा नभएसम्म मिति २०७०।१२।९ को अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय र पत्राचारहरूलाई कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ वैशाख १५ गते रोज २ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति

# जनकपुरमा नेपाली भाषाको प्रशिक्षण



प्रशिक्षण कार्यक्रमको शुभारम्भ गर्नुहुँदै पुनरावेदन अदालत, जनकपुरका माननीय नि.मुख्य न्यायाधीश श्री तेजबहादुर के.सी.

सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिको आयोजनामा इजलास अधिकृत तथा सहायक कर्मचारीहरूका लागि मिति २०७१ वैशाख १५ देखि १७ गतेसम्म जनकपुरमा तीन दिवसीय कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । पुनरावेदन अदालत, जनकपुरका माननीय नि.मुख्य न्यायाधीश श्री तेजबहादुर के.सी.ले उक्त कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो । कार्यक्रम उद्घाटनको क्रममा आफ्नो मन्तव्य दिँदै माननीय नि.मुख्य न्यायाधीश ज्यूले सर्वोच्च अदालतले अदालतमा काम कारवाहीको सिलसिलामा लेखिने नेपाली भाषामा देखिएका गल्तीहरूलाई भाषिक सुधार गर्ने प्रयास गर्दैछ भन्ने सुनेको थिएँ । कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम विगत वर्षदेखि नै सञ्चालन हुँदै आएको पनि रहेछ । हाल यो कार्यक्रम यस पुनरावेदन अदालत, जनकपुर र मातहतका जिल्ला अदालतहरूमा फैसला लेखन कार्यमा संलग्न कर्मचारीहरूका लागि सञ्चालन गर्न लागेकोमा खुशी लागेको छ भन्नुभयो । फैसला तथा आदेशहरूको लेखन शैली के कस्तो हुने भन्ने न्यायाधीशको आफ्नो शैलीमा भर पर्दछ तर भाषिक शुद्धताका क्षेत्रमा कर्मचारीवर्गको अहम् भूमिका हुन्छ । नेपाल कानून पत्रिका तुलनात्मकरूपमा यस क्षेत्रमा निकै अगाडि बढेको पाएको छु । अदालतमा प्रयोग भइरहेको नेपाली भाषामा धेरै आगन्तुक शब्दहरू रहेका र ती शब्दहरू हाल कानूनी नेपाली भाषामा पाच्य भई सकेका छन् । उचित कानूनी शब्दको चयन, ह्रस्व/दीर्घको ख्याल र सबैले सहज ढङ्गले बुझ्न सक्ने शब्दको चयन गरी लेखिएका फैसला र आदेशहरूले विशिष्ट स्थान ओगट्दछन् । न्यायाधीशहरूले लेखेका छोटा आदेश तथा फैसलाहरूलाई पूर्णता दिँदा संलग्न अधिकृत तथा सहायक कर्मचारीहरूले यो तालिमपश्चात् भाषिक परिमार्जन गर्नु हुनेछ भन्ने आशा व्यक्त गर्नु भयो । उक्त अवसरमा उहाँले दोहोरो नकारात्मक शब्द (Double Negative) को प्रयोग सकेसम्म कम गर्न, सिधा अर्थ दिने शब्दहरूको प्रयोग गर्न सुझाव दिँदै यो तालिम/कार्यक्रमको सफलताका लागि शुभकामना व्यक्त गर्नुभएको थियो ।

त्यसैगरी धनुषा जिल्ला अदालतका

माननीय जिल्ला न्यायाधीश श्री कृष्णबहादुर थापाले नेपाली भाषा नेपालको राष्ट्र भाषा र सरकारी काम काजको पनि भाषा भएको हुँदा यसले विशिष्ट स्थान राख्दछ । त्यसमा पनि कानूनी नेपाली भाषाको आफ्नै विशिष्ट पहिचान र स्थान रहेको सन्दर्भ प्रस्तुत गर्नु हुँदै उहाँले कानूनी साहित्यको लेखन अत्यन्त सरल र शिष्ट भाषामा हुन जरूरी छ भन्नुभयो । कार्यक्रमका सहभागीहरूले यो तालिमलाई औपचारिकताको रूपमा नलिई आफ्नो दक्षता अभिवृद्धि गर्नु हुनेछ र आफ्नो कार्यक्षेत्रमा उतार्नु हुनेछ भन्ने विश्वास लिएको छु । ज्ञानको सागर अनन्त छ, त्यस सागरमा डुबुल्की मारेर कति लिने भन्ने कुरा आफैमा भरपर्ने कुरा हो भन्नुहुँदै तीन दिनसम्म सञ्चालन हुने यस प्रशिक्षण कार्यक्रमको सफलताको कामनासमेत गर्नुभयो ।

त्यसैगरी पुनरावेदन सरकारी वकील कार्यालय, जनकपुरका सह–न्यायाधिवक्ता श्री मुरारी पौडेलले नेपाली भाषा नै भए पनि कानूनी शब्दको चयन गर्ने क्रममा विविधता आउन सक्तछ । त्यसै गरी कथ्य भाषा र लेख्य भाषामा अन्तर आउन सक्छ । लेख्य भाषाको सही चयन र प्रयोगमा विशेष चनाखो रहन आवश्यक भइसकेको अवस्थामा यो कार्यक्रम हुन लागेको पाउँदा आफूलाई गौरव लागेको कुरा व्यक्त गर्नुभयो । सरकारी वकील, न्यायाधीशलगायत सबै सरकारी निकायले प्रयोग गर्ने भाषा सरल र बोधगम्य होस्, अनर्थ नलागोस्, गाँसमा बिँया र दाँतमा ढुङ्गा नलाग्ने किसिमको होस् भन्नुहुँदै तालिमका सहभागीहरूले तालिममा सिकेका कुराहरू अरू सबै समकक्षीहरू समेतमा बाँड्नुहोस् भन्नुहुँदै कार्यक्रम आयोजकलाई धन्यवाद दिनुभयो ।

प्रशिक्षण कार्यक्रमको शुभारम्भसत्रकै क्रममा स्रोत व्यक्ति प्रा.डा.श्री कुमारप्रसाद कोइरालाले न्याय क्षेत्रका राजहंसका अगाडि अत्यन्त सूक्ष्म ढङ्गले आज यो तालिमको शुभारम्भ भएको पाएको छु भन्नुहुँदै विधि र कानूनले नै राष्ट्र चल्दछ । विधि र कानूनको प्रयोग अदालतबाटै हुने हुँदा कानूनी भाषाका समस्यालाई नै समेटेर कार्यपत्र तयार गरेको छु । कानूनी क्षेत्रमा कानूनी भाषाले नै व्यूँझाउँछ, उठाउँछ र सुताउँछ । भाषामा अभिव्यक्त गर्दा कस्ता कठिनाई भएका छन्, त्यस्ता समस्याको गाँठो कसरी फुकाउनुपर्दछ र प्रशिक्षणका सहभागीहरूलाई कसरी प्रशिक्षित बनाउँन सकिन्छ भन्ने उद्देश्यका साथ यो कार्यक्रम अगाडि बढ्ने छ भन्ने कुरामा आश्वस्त रहन आग्रह गर्नुहुँदै यस कार्यक्रमले कानूनी नेपाली भाषाको विकासको क्षेत्रमा एउटा आयाम थप्ने कुरामा जोड दिनुभयो । यस प्रशिक्षण कार्यक्रमको सञ्चालन सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन शाखाका सम्पादक श्री अम्बिकाप्रसाद निरौलाले गर्नुभएको थियो । उक्त अवसरमा उहाँले तालिमका सबै सहभागीहरूलाई हार्दिकताका साथ स्वागत तथा भाषाको मर्मका बारेमा प्रष्ट पार्नुभएको थियो । वर्ण र वाक्यको सुन्दर संयोजनबाट भाषामा उत्कृष्टता पाउन सकिन्छ । द्वैधअर्थी शब्दको प्रयोगले सम्प्रेषण गर्न खोजेको अर्थमा अनर्थ पनि आउन सक्दछ । अङ्ग्रेजी साहित्य जस्तो धनी नेपाली भाषा साहित्य हैन तापनि यसले सरकारी कामकाजमा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा र यो क्षेत्र ओझेलमा पर्दै गएको अवस्थामा सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिले यस्तो कार्यक्रम सञ्चालन गर्दै आएको हो भन्नुभयो । यो एक किसिमको सीप विकास तालिम भएको हुँदा यसलाई कसरी सञ्चालन गरेमा बढी प्रभावकारी हुन्छ भन्ने विषयमा सुझाव प्राप्त हुनेछ भन्ने अपेक्षासमेत राख्नुभएको थियो ।

शुभारम्भसत्रमा पुनरावेदन अदालत, जनकपुरका माननीय न्यायाधीशरू श्री पोषनाथ शर्मा, श्री हरिकुमार पोखरेल, श्री रमेश पोखरेल, श्री प्रकाशचन्द्र गजुरेल, श्री चित्रदेव जोशी, श्री हेमराज पन्त, श्री राजेन्द्रकुमार पोखरेल, श्री ईश्वरीप्रसाद घिमिरे, श्री जगनाथ महतोको उपस्थिति रहेको थियो । साथै, धनुषा जिल्ला अदालतका माननीय न्यायाधीशहरू कैलास के.सी,

श्री कृष्णप्रसाद पौडेल, श्री मुकेश उपाध्याय तथा जिल्ला सरकारी वकील कार्यालय, धनुषाका जिल्ला न्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठकको समेत उक्त शुभारम्भसत्रमा उपस्थिति थियो । त्यसैगरी पद्मकन्या क्याम्पसका प्रा.डा.श्री कुमारप्रसाद कोइराला र काठमाण्डौ स्कूल अफ ल का उपप्राध्यापक श्री रामचन्द्र फुयाँलले उक्त प्रशिक्षणसत्रमा नेपाली तथा कानूनी नेपाली भाषाका विभिन्न पक्षमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सम्पादक श्री अम्बिकाप्रसाद निरौला र शाखा अधिकृत श्री राजन बास्तोलाले फैसला लेखन तथा आदेश लेखनसम्बन्धी प्रयोगात्मकसत्रको सञ्चालन गर्नुभएको थियो । सो प्रयोगात्मकसत्रको भाषिक पक्षको सहजीकरण प्रा.डा.श्री कुमारप्रसाद कोइरालाले गर्नु भएको थियो । सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन शाखाका श्री योगप्रसाद पोखरेल, अर्जुन सुवेदी र का.स.मोति चौधरीले कार्यक्रम अवधिभर सहयोग पुर्‍याउनु भएको थियो ।

समूह क र ख गरी तीन दिनसम्म दुई समूहमा सञ्चालित उक्त कार्यक्रम मिति २०७१।१।१७ गते सम्पन्न भएको थियो । तालिमका सहभागीहरू यसप्रकार छन् :

**समूह "क"**

१. दिपेन्द्र तिवारी, शा.अ., जनकपुर
२. खुमप्रसाद भण्डारी, शा.अ., जनकपुर
३. सुशीलकुमार यादव, शा.अ., महोत्तरी
४. रामचन्द्र मण्डल, शा.अ., सर्लाही
५. मनोजकुमार श्रीवास्तव, शा.अ., सिन्धुली
६. विनोदकुमार कार्की, ना.सु., महोत्तरी
७. अनामिका शाह, ना.सु., महोत्तरी
८. घनश्याम चौधरी, ना.सु., रामेछाप
९. श्याम यादव, ना.सु., जनकपुर
१०. जामिर हु सेनखाँ, ना.सु., जनकपुर
११. पंकजलाभ कर्ण, टा.ना.सु., जनकपुर
१२. शिवशरण ठाकुर, ना.सु., धनुषा
१३. विवेककुमार शाह, क.अ., महोत्तरी
१४. सुनीता कार्की, डिट्टा, महोत्तरी
१५. राजेशकुमार चौधरी, डिट्टा, महोत्तरी
१६. उमेशप्रसाद अधिकारी, डिट्टा, महोत्तरी
१७. अरूण कुमार, डिट्टा, महोत्तरी
१८. हरि अधिकारी, डिट्टा, रामेछाप
१९. तीर्थबहादुर राउत, डिट्टा, सर्लाही
२०. हलिवा राईन, धनुषा
२१. मुकेशबहादुर खड्का, धनुषा
२२. सन्तोषराज श्रेष्ठ, धनुषा
२३. राम सजिवन महतो, धनुषा
२४. दिनेश सुवेदी, धनुषा
२५. अजयकुमार शाह, धनुषा
२६. कृष्णबहादुर कार्की, जनकपुर
२७. मणिराज घिमिरे, जनकपुर
२८. कृष्णप्रसाद लामिछाने, जनकपुर
२९. ललन झा, जनकपुर

**समूह "ख"**

१. सम्भीकपुर शाह, शा.अ., जनकपुर
२. मोहन सुवेदी, शा.अ./श्रेस्तेदार, रामेछाप
३. भरतकुमार घिमिरे, ना.सु., सर्लाही
४. मुहम्मद राइन, ना.सु., जनकपुर
५. सुजितकुमार मल्लिक, ना.सु., जनकपुर
६. चन्देश्वर मुखिया, ना.सु., धनुषा
७. रामप्रसाद भण्डारी, ना.सु., धनुषा
८. कुवेर ढुंगेल, ना.सु., धनुषा
९. मोहनकुमार पौडेल, ना.सु., धनुषा
१०. हरिकुमार श्रेष्ठ, ना.सु., सिन्धुली
११. देवनारायणप्रसाद शाह, टा.ना.सु. महोत्तरी
१२. सिताराम राय, क.अ., सर्लाही
१३. दिपेन्द यादव, क.अ., सर्लाही
१४. निमिसकुमार श्रेष्ठ, क.अ., जनकपुर
१५. बद्रीप्रसाद पोखरेल, डिट्टा, धनुषा
१६. रिकेश शाह, डिट्टा, सर्लाही
१७. दिपक बढाथोकी, डिट्टा, सर्लाही
१८. थानहरि अधिकारी, डिट्टा, सर्लाही
१९. सत्यनारायण पाण्डेय, डिट्टा, जनकपुर
२०. अम्बरबहादुर पुलामी मगर, रामेछाप
२१. ठाकुरप्रसाद अधिकारी, सिन्धुली
२२. पुण्यदेव मण्डल, सिन्धुली

**नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम, जनकपुर**
(२०७१, वैशाख १५, १६ र १७)

**मत सर्भेक्षण समूह 'क'**

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**
(क) सामान्य २ (ख) ठीकै ३ (ग) अत्यन्त उपयोगी २४

**२. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**
(क) छोटो भयो १५ (ख) ठीक छ १ (ग) धेरै समय चाहिन्छ १३

**३. तालिमलाई छानिएका विषय कस्ता लागे ?**
(क) विषय कम भए १० (ख) ठीकै छन् ६ (ग) अझ धेरै चाहिन्छ १३

**४. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**
(क) ३ दिने ११ (ख) ७ दिने १६ (ग) ३० दिने २

**५. प्रशिक्षकहरू कस्ता लाग्नु भयो ? (आन्तरिक प्रयोजनका लागि मात्र)**

**(क) डा.श्री कुमारप्रसाद कोइराला**
(क) सामान्य (ख) ठीक (ग) उत्तम

**(ख) श्री रामचन्द्र फुयाँल**
(क) सामान्य (ख) ठीक (ग) उत्तम

**६. प्रशिक्षण पद्धति कस्तो लाग्यो ?**
(क) व्यवहारिक १२ (ख) औपचारिक २ (ग) सुधारका सम्भावना छन् १५

**७. यस्ता प्रशिक्षण कुन निकायले दिँदा राम्रो होला ?**
(क) सर्वोच्च अदालत स्वयम् १५ (ख) राष्ट्रिय न्यायिक प्रतिष्ठान ९
(ग) भाषा प्रशिक्षण दिने गैरसरकारी निकाय ५

**७. अन्य केही सुझाउ भए**
व्याकरणीय तथा भाषिक शुद्धताका लागि अनिवार्यरूपमा तालिमको व्यवस्था गरिनुपर्ने ।

— आफूले राजेको उत्तरमा रेजा ( √ ) चिन्ह लगाउने
— उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।

**नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम, जनकपुर**
(२०७१, वैशाख १५, १६ र १७)

**मत सर्भेक्षण समूह 'ख'**

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**
(क) सामान्य (ख) ठीकै (ग) अत्यन्त उपयोगी २२

**२. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**
(क) छोटो भयो १२ (ख) ठीक छ ६ (ग) धेरै समय चाहिन्छ ४

**३. तालिमलाई छानिएका विषय कस्ता लागे ?**
(क) विषय कम भए ५ (ख) ठीकै छन् १० (ग) अझ धेरै चाहिन्छ ७

**४. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**
(क) ३ दिने ३ (ख) ७ दिने १७ (ग) ३० दिने २

**५. प्रशिक्षकहरू कस्ता लाग्नु भयो ? (आन्तरिक प्रयोजनका लागि मात्र)**

**(क) डा.श्री कुमारप्रसाद कोइराला**
(क) सामान्य (ख) ठीक (ग) उत्तम

**(ख) श्री रामचन्द्र फुयाँल**
(क) सामान्य (ख) ठीक (ग) उत्तम

**६. प्रशिक्षण पद्धति कस्तो लाग्यो ?**
(क) व्यवहारिक ९ (ख) औपचारिक (ग) सुधारका सम्भावना छन् १३

**७. यस्ता प्रशिक्षण कुन निकायले दिँदा राम्रो होला ?**
(क) सर्वोच्च अदालत स्वयम् १५ (ख) राष्ट्रिय न्यायिक प्रतिष्ठान ३
(ग) भाषा प्रशिक्षण दिने गैरसरकारी निकाय ४

**७. अन्य केही सुझाउ भए**
न्यायसँग सम्बन्धित सबै पक्षहरूलाई समेटेर नेपाली भाषाको बृहत भाषिक प्रशिक्षण दिनुपर्ने । न्यायसँग सम्बन्धित कानूनी भाषा शब्दकोशको निर्माण तथा प्रकाशन गर्नुपर्ने ।

---

— आफूले राजेको उत्तरमा रेजा ( √ ) चिन्ह लगाउने
— उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।